# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लम्कीचुहा नगरपालिका
## कैलाली

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

लम्कीचुहा नगरपालिका

कैलाली

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

लम्कीचुहा नगरपालिका

कैलाली

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ। एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
२०८१ महालेखापरीक्षक

महालेख[illegible] कार्यालय

अनामनगर/ब[illegible]माडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं.८२

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री प्रमुखज्यू ,

लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

कैलाली।

१. **कैफियत सहितको राय** — हामीले लम्कीचुहा नगपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू. ४ करोड १० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त भएको छैन। लम्कीचुहा नगरपालिकाको यस वर्षको बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ करोड ४ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु. ७० लाख ४१ हजार र पेश्की बाँकी रु. २० लाख ७५ हजार रहेको छ। लम्कीचुहा नगरपालिकाको गतवर्ष सम्म रु. ४३ करोड ७ लाख ६६ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष रु.१ लाख ३५ हजार सम्परीक्षण भई

हालसम्मको अद्यावधिक बेरुजू रु. ४७ करोड ६ लाख ४१ हजार रहेको छ। लम्कीचुहा नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने लम्कीचुहा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी लम्कीचुहा नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

**(पशुपति कुमार काफ्ले)**
**नायब महालेखापरीक्षक**

# लम्कीचुहा नगरपालिका
# कैलाली

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८७ | १७४ | ४००१० | ० | ० | ० | ८७ | १७४ | ४००१० | २०४९६ | ७०४१ | १०३९८ | ० | ० | १७४३९ | २०७५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | ४३०७६६ | ० | १३५ | ४३०६३१ | ० | ४००१० | ४७०६४१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क. सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | गत विगत वर्षतर्फको | | | |
| १ | २०७८।७९ | विभिन्न दफाहरु | | १३५ |
| | गत विगतको जम्मा | | | १३५ |
| | कुल जम्मा | | | १३५ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल २२५ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना २०७८ अनुसार ९०९७१ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।१३ देखि २०८०।०९।१७ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा** - यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा

समावेश गरिएको छैन। लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको आय — व्ययतर्फ रु. २ अर्ब ६० करोड ७५ लाख १ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २८९५८०६।०० असुल भई दाखिला भएको प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर असुली | ३६००।०० |
| २ | मू अ कर असुली | २८६४२८१।०० |
| ३ | आमा सुरक्षा कार्यक्रम | २७५००।०० |
| ४ | नगरसभा बैंठक भत्ता | ४२५।०० |
| जम्मा | | २८९५८०६।०० |

**(ज) वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **गत वर्षको जिम्मेवारी** | | १७१५८४४८०.५१ | चालु खर्च | ६१४३८४८४८.३५ | ६१४३८४८४८.३५ |
| क)संचित कोष खाता | १५४४३७६४६.९९ | | पूँजीगत खर्च | ३३०५५२२५४.२४ | ३३०५५२२५४.२४ |
| ख)कार्यसंचालन कोष | ५६८०२८१.२५ | | धरौटी फिर्ता | १०४७१३१८. | १०४७१३१८ |
| ग)धरौटी खाता | ११४६६५५२.२७ | | कोष फिर्ता | १३१२४९७१ | १३१२४९७१ |
| **राजस्व (आय)** | १६४००६०५५.५२ | १६४००६०५५.५२ | **मौज्दात** | | १२८७८४८११.२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| वित्तियहस्तान्तरण संघ | | ७५४८२५१६२ | क) संचितकोष | ११०८८२१००.१६ | |
| क)वित्तिय समानीकरण अनुदान | १९०९२०००० | | ख) धरौटमौज्दात | १२६७५५८१.०२ | |
| ख)सशर्त अनुदान | ५४०७३७१८३ | | ग) कोष खाताको मौज्दात | ५२२७१३०.०३ | |
| ग)समपूरक अनुदान | ३०००००० | | शसर्त अनुदान फिर्ता | ३५०३५६५७.७६ | ३५०३५६५७.७६ |
| घ)विशेष अनुदान | २०१६७९७९ | | अन्तर स्थानीय तहबाट प्राप्त | | ३२१५८२३०७ |
| **प्रदेशसरकारबाट प्राप्त अनुदान** | | १७५८५९९६ | क) सामाजिकसुरक्षा | ३०७२९४७३८ | |
| क)वित्तिय समानीकरण अनुदान | १५३३७००० | | ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १४२८७५६९ | |
| ख)समपूरक अनुदान | २२४८९९६ | | | | |
| **अन्तर स्थानीयतहबाट प्राप्त** | | ३२१५८२३०७ | | | |
| क) सामाजिक सुरक्षा | ३०७२९४७३८ | | | | |
| ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १४२८७५६९ | | | | |
| **विभिन्न कोष तर्फको आय** | १२६७१८१९.७८ | १२६७१८१९.७८ | | | |
| **धरौटीआय** | ११६८०३४६.७५ | ११६८०३४६.७५ | | | |
| **जम्मा** | **१४५३९३६१६७.५६** | **१४५३९३६१६७.५६** | **जम्मा** | **१४५३९३६१६७.५६** | **१४५३९३६१६७.५६** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २५२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २११ | १६ | १०९ | ८६ |
| २. | वडास्तरीय | ४१ | ० | २ | ३९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

---

३ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ५,००,००,०००।०० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रकम विनियोजन गरि खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा बजेट अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्:

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | किसान, कृषक समुह तथा कृषि सहकारी संस्थाहरुलाई ५० प्रतिशत अनुदानमा गहुँको विउ वितरण | ५०,००,००० |
| २ | उपभोक्ता समितिका पदाधिकारीहरुका लागि अभिमुखिकरण कार्यक्रम | ५,००,००० |
| ३ | औषधि भण्डारका लागि पार्टिसन कार्य | १०,००,००० |

४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखलेमिति २०७९।०३।१० मा रु. १ अर्व ३९ करोड ७ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।०३।२३ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ११३८३३२४४.१६ | ४६२४७३५.३६ | -१०९२०८५०८.८ |
| चालु खर्च खाता | -६०००० | १४७०५८३४.६२ | १४७६५८३४.६ |
| पुंजीगत खर्च खाता | -२८९११४४ | ३३०१३१९७.२४ | ३५९०४३४१.२ |
| विविध खर्च खाता | ० | ९६,०१७.५० | ९६०१७.५ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ११८९७५८ | १२८९०५८.२ | ९९३००.२ |
| धरौटी | १२६७५५८१.०२ | १२६७५५८१.०२ | ०. |

| | | | |
|---|---|---|---|
| ग१.१ आन्तरिक राजस्व खाता | ० | २५७८७८१३.४२ | २५७८७८१३.४ |
| ग१.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | २८३१६३७९.०२ | २८३१६३७९. |
| आन्तरिक अनुदान खाता | ० | १३२१९१२५ | १३२१९१२५. |
| स्थानीय तह विविध कोष खाता | ४०३७३७२.०३ | ४०३७३७२.०३ | ०. |
| | १२८७८४८११.२१ | १३७७६५११३.४१ | ८९८०३०२.२ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

७ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३०,७२,९४,७३८।०० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,४२,८७,५६९।०० समेत गरी रु.३२,१५,८२,३०७।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

९ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमासो अद्यावधिक गरेको पाईएन ।
- बिभिन्न म.ले.प.फारम नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्बन्धी प्रयोजनका लागि निर्धारण गरिएका म.ले.प.फारम नं. २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस पूर्ण रुपमा लागू गरेको पाइएन।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म.ले.प.फारम नं.५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- प्रचलित कानुन अनुसार लेखा समित गठन गरे पनि म ले प प्रतिबेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन।
- फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन।
- सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन।
- सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका,२०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन।
- वातावरण संरक्षण ऐन,२०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल,लिफ्ट सिँचाइ,सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेकोपाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन।
- पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिकरणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।
- दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।
- स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन।
- यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१० **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

११ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१३,९९,७५२।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१२ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०,००,००० | ७३,०६,१६१.१५ | ७३१ |
| भुमिकर/मालपोत | ३,००,००,००० | १५,३५१ | ०.५१ |
| वहाल विटौरी कर | ५०,००,००० | १३,२९,९८६.९० | २७ |
| व्यवसायले भुक्तानी गर्ने | ७०,००,००० | १२,०५,१६२ | १७ |
| अन्य कर | ३०,००,००० | २,१५,०४,६१६.६२ | ७१७ |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी | ३,००,००,००० | २,२०,३२,९३० | ७३ |
| नक्सापास दस्तुर | ५०,००,००० | १८,८३,४६८.५२ | ३८ |
| सिफारिस दस्तुर | ८०,००,००० | ५९,२२,४८२.१० | ७४ |
| व्यक्तिगत घटना दर्ता | १०,००,००० | ४,२९,३२३ | ४३ |
| नाता प्रमाणित दस्तुर | १०,००,००० | ३,६८,०७५ | ३७ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २०,००,००० | १,९४,५९० | १० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,००,००० | ३,४५५ | ०.६९ |
| अन्य राजस्व | १५,००,००० | १,९६,४०,२०९.१६ | १३०९ |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०,००,००० | ० | ० |
| जम्मा | १०,००,००,००० | ८,१८,३५,८१०.४५ | ८२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१३ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७१७२०७५२१ | ८१८३५८१०.४५ | ११.४१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ११.४१ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१४ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१० करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ८ करोड १८ लाख ३५ हजार ८१० अर्थात अनुमान भन्दा ८१.८ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१५ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,५८,००,००० | २,७७,३७,४७९.६० | २.९३ |
| २ | पूर्वाधार विकास | ३६,७०,६४,७६३ | २६,६५,७९,३०८.४० | २८.२० |
| ३ | सामाजिक विकास | ४६,७९,१७,००० | ४२,५६,१६,४६३.८५ | ४५.०७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४,३९,७५,००० | ३,६७,०४,४९७.३८ | ३.८८ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २०,२२,७४,७४२.०२ | १८,८२,९९,३५३.३६ | १९.९२ |

| | | | |
|---|---|---|---|
| **जम्मा** | १,१३,७०,३१,५०५.०२ | ९४,४९,३७,१०२.५९ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५.०७ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा २.९३ प्रतिशत रहेको छ। दिगो विकासका स्थानीय लक्ष्यहरु निर्धारण गरी सोही अनुरुप क्षेत्रगत बजेट विनियोजन हुनुपर्दछ।

१६ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३३ करोड ५ लाख ५३ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१७ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्ने तर्फ प्रमुख प्रशासकीय अधिकृतको ध्यान जानु पर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | २५२ | ० | ० | ५ | ९ |

१८ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१९ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | ३३,०५,५२,२५४.२४ | ६,७८,४१,६०७.६१ | ४,६०,६१,९४८ | २१,६६,४८,६९८.६३ | १०,८५,९१,७९५ |
| प्रतिशत | १०० | २०.५२ | १३.९३ | ६५.५५ | ३२.८३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३३,०५,५२,२५४.२४ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६,७८,४१,६०७.६१(२०.५२ प्रतिशत), दोस्रो चौमासिकमा रु. ४,६०,६१,९४८ (१३.९३ प्रतिशत) र तेस्रो चौमासिकमा रु. २१,६६,४८,६९८.६३ (६५.५५ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. १०,८५,९१,७९५(३२.८३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२० **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ८१८३५८१०.४५ राजस्व बाँडफाँड र अनुदानबाट रु. ९४,०७,१५,५२६.०४ समेत रु. १,०२,२५,५१,३३६।००आम्दानी भएकोमा चालु तर्फ रु. ६१४३८४८४८.३५र पूँजिगत तर्फ रु. ३३०५५२२५४.२४समेत रु. ९४,४९,३७,१०२।००खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.६६प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. १,१५,७५,६००।०० खर्च भएको छ जुन आन्तरिक आयको १४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५प्रतिशत चालु र ३५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२१ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष थप भएको १० गरी कुल १४ विवाद दर्ता भएकोमा १४ वटा मात्र फस्योंट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२२ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला

तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन, ६वटा नियमावली, ४९ वटाकार्यविधि, ३ वटा निर्देशिका लगायत ९० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

२३ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ७२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका ५५ वटा सहकारी संस्थाहरुले मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२४ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायतालाई निश्चित विधि र मापदण्डमा आधारीत बनाउनु पर्दछ।

| कार्यक्रम | सहायता प्रास गर्ने लाभग्राही | सहायता रकम | कैफियत |
|---|---|---|---|
| महिला स्वास्थ्य स्वयम सेविकालाई अवकाश सुविधा प्रदान | विष्णा देवी राना मगर, विष्णा देवी विनाडी, कुइया कुमारी कठरिया(बडायक) र चन्द्रा देवी बोहरा | ४००,००० | |
| महिला स्वास्थ्य स्वयम सेविकालाई यातायात तथा खाजा खर्च भुक्तानी | १०५० को दरमा ९१ जना महिला स्वास्थ्य स्वयम सेविका | ११,४६,६०० | |
| HIV संक्रमितहरुलाई पोषण खर्च भुक्तानी | १५० जना HIV संक्रमितहरुलाई प्रतिमहिना १००० को दरमा पोषण खर्च भुक्तानी | १८००००० | |
| स्वास्थ्य विमा कार्यक्रम | २१४१ घरपरिवारको स्वास्थ्य विमा वापत | ५५०३९०० | स्वास्थ्य विमा कार्यविधि, २०७८ अनुसार |
| नगरप्रमुख खेलकुद कार्यक्रम | | ७१६४६० | |

| | | | |
|---|---|---|---|
| नगर प्रमुख छात्रवृत्ति | सुमन चौधरी-६००००, पुजा विष्ट-५०००० र दिपिका देवकोटा-५०००० | १६०००० | |
| फुटवल खेलाडिलाई आर्थिक सहयोग | वर्षा बली-३४०००, भूमिका बुढाथोकी-३४००० | ६८००० | |
| सामुदायिक विद्यालयलाई प्रोत्साहन | राष्ट्रिय नव जागृत मावि चुहा-१०००००, बालसेवा मावि-१०००००, जनचेतना प्रावि पूर्विलम्की-१०००००, लक्ष्मी आवि बंगालीपुर-१००००० | ४००००० | |

२५ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, र इ-वेष्ट लगायतका अस्पतालबाट उत्पादित फोहोरमैलाको उपयुक्त व्यवस्थापन गरेको देखिएन। ल्याण्डफिल्ड साइड व्यवस्था गरी फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२६ **कर दायित्व -** पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.६००००।०० आर्थिक वर्ष २०८०/८१ मा दाखिला गरेको पाईयो। अत: पालिकाले सृजित कर दायित्व तोकिएको समयमा दाखिला गर्नु पर्दछ।

२७ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१७२३८९७७९.५१ सञ्चित कोष मौज्दात रहेकोमा यो वर्ष रु.१७१५८४४८०.५१ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८०५२९९।०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,०५,२९९ |

२८ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.३८०२१४२५३.७६ र यस वर्षको भुक्तानी रु.३८०२१४२५३.७६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) | १७१५८४४८०.५१ | ९०२१३७४३३.२९ | ९४४९३७१०२.५९ | १२८७८४८११.२१ |
| एकीकृत आर्थिक विवरणअनुसार | १७१५८४४८०.५१ | १२८२३५१६८७.०५ | १३२५१५१३५६.३५ | १२८७८४८११.२१ |
| फरक | ० | ३८०२१४२५३.७६ | ३८०२१४२५३.७६ | ०० |

२९ **आय विवरण** - पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकामा आन्तरिक आम्दानीबाट रु.८१८३५८१०.४५ र राजस्व बाँडफाँडबाट रु. १६८३०४३६८.०४ गरी जम्मा रु. २५०१४०१७८.४९ आय प्राप्त भएकोमा। सुत्रबाट प्राप्त एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसार रु.१६४००६०५५.५२ प्राप्त भएको देखिन्छ। अत: आयमा परेको फरक रकम रु. ८६१३४१२२.९७ यकिन हुनुपर्दछ।

३० **शसर्त अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार संघ तर्फ रू. ३८०३९३१३.७६ फिर्ता गर्नु पर्नेमा रु. ३५०४५६५७.७६ फिर्ता गरेकोले फिर्ता गर्न बाँकी संघीय संचित कोषमा फर्ता गर्नुपर्ने रु.

| अनुदानको प्रकार | | प्राप्त रकम | खर्च रकम | फिर्ता गर्नु पर्ने | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|
| संघ | शसर्त | ५४०७३७१८३.० | ५०५६९१५२५.२४० | ३५०४५६५७.७६ | ३५०४५६५७.७६ | आव २०८०/८१ मा १००००० फिर्ता गरिएको |
| | विशेष | २०१६७९७९ | १७६४४८९० | २५२३०८९ | ० | २५२३०८९ |
| | समपुरक | ३००००००० | ५०५८८६६ | ४७०५६७ | ० | ४७०५६७ |
| | जम्मा | ५२८८६९५०४.२ | २१९९४८४३४.४ | ३८०३९३१३.७६ | ३५०४५६५७.७६ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रदेश | समपुरक | २२४८९९६ | ४४९७९९२ | ० | | ० |
| | जम्मा | | | | | ० |
| कुल जम्मा | | | | ३८०३९३१३.७६ | ३५०४५६५७.७६ | २९९३६५६ |
| | | | | | प्रमाण पेश नगरेको | २९,९३,६५६ |

३१ **आर्थिक सहयता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सार्वजनिक खर्चमा एकरुपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार विभिन्न १५८ जनालाई आर्थिक सहयता वापत रू.१८ लाख ५२ हजार ५०० उपलव्ध गराई खर्च लेखिएकोमा २२ प्रतिशत रकम विभिन्न ८१ जनालाई आर्थिक सहयता पालिका प्रमुखको तोक आदेशको आधारमा उपलव्ध गराएको देखियो। सहायता उपलव्ध गराइने निर्णयलाई बढि बस्तुनिष्ट र मापदण्डमा आधारित बनाउनु पर्दछ।

| निर्णयको विवरण | लाभग्राही संख्य | सहयाता रकम | प्रतिशत |
|---|---|---|---|
| कार्यपालिकाको निर्णयबाट | ७७ | १४४७५००।०० | ७८ |
| नगर प्रमुखको तोक आदेश | ८१ | ४०५०००।०० | २२ |
| जम्मा | १५८ | १८५२५००।०० | १०० |

३२ **मध्यममकालीन खर्च संरचना** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तिनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले आ.व. २०७९।८० को बजेट तर्जुमाको बखत मध्यमकालिन खर्च संरचनामा तयार गरेको छैन। मध्यमकालिन खर्च संरचनामा तयार नगर्दा आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता देखिदैन। पालिकाले आवधिक योजना र बार्षिक बजेटबिच तादम्यता कार्यम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालिन खर्च संरचाना तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

३३ **धरौटी तर्फ** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याएपछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा करबिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ। यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्तादिँदा मूल्यअभिबृद्धिकर समायोजन पत्र धरौटी फितां माग गर्ने करदाताले रकमभुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्टगरेको र सो अनुसार मूल्यअभिबृद्धिकर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथाकर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्तादिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदाकट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन र कर चुक्ताप्रमाणमात्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ। यसरी फिर्ता दिँदासम्बन्धित प्राबिधिकले डी एल पी अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधारगर्नुपर्ने अबस्था नदेखिएको भन्ने सिफारिस

बेगर धरौटी फिर्ता दिएको पनि देखियो। नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन। तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रू.

| क्र.स. | गो.भौ.नं./ मिति | धरौटी फिर्ता पाउने | कैफियत | धरौटीफिर्ता रकम रु. |
|---|---|---|---|---|
| १ | २०७९।४।७ | एच वि कन्ट्रक्सन | कार्यसम्पन्न प्रतिवेदन नभएको। करचुक्ता र मुअ कर समायोजन नभएको। | १९०८१२ |
| २ | २०७९।८।११ | एच वि कन्ट्रक्सन | कार्यसम्पन्न प्रतिवेदन नभएको। करचुक्ता र मुअ कर समायोजन नभएको। | २३१८०३ |
| ३ | २०७९।८।११ | एच वि कन्ट्रक्सन | कार्यसम्पन्न प्रतिवेदनर करचुक्ता नभएको। मुअ कर समायोजन नभएको। | १२२३३९ |
| जम्मा | | | | ५४४९५४ |
| | | | प्रमाण पेश नगरेको | ५,४४,९५४ |

३४ **नदि जन्य पदार्थको उत्खनन** - पालिका अन्तर्गतका ६ नदीबाट नदिजन्य पदार्थ उत्खनन् गर्ने उद्देश्यले गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा ३५२२४३.५५ घन मिटर उत्खनन गर्न मिल्ने उल्लेख छ। पालिकाले सोही परिमाणलाई आधार लिएर ठेक्का लगाउने उद्देश्यले पटक पटक बोलपत्र आहवान हुदा कुनै बोलपत्रदाता संग ठेक्का व्यवस्थापना हुन सकेको देखिदैन। तर पालिकाले यो वर्ष अमानतबाट २०८१२८ घन मिटर परिमाण उत्खनन गरी रोयल्टी रू. २२०३२९३०।०० असुल गरिएको देखियो। पालिका तथा सम्बद्द निकायले उत्खनन गरिएका नदिहरुको अनुगमन गरी के कति नदिजन्य पदार्थ उत्खनन हुन बाकी रहेको सम्बन्धमा केहि उल्लेख गरिएको छैन। के कति नदिजन्य पदार्थ उत्खनन हुन बाकी रहेको सो समेत अनुगमन गरी उत्खनन भएको परिमाण सुनिश्चित गर्नु पर्दछ।

| क्र.सं. | स्रोत/ खोला | वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उत्खनन गर्न सकिन परिमाण | कैफियत |
|---|---|---|---|
| १ | धोविनिया खोला | ३९६०० घ.मि. | उत्खनन नगरेको |
| २ | चरेला खोला | ७९९००.३८ घ.मि. | |

| | | | |
|---|---|---|---|
| ३ | पथरिया खोला | २९८१० घ.मि. | |
| ४ | रोरा खोला | ४०३९४.९७ घ.मि. | |
| ५ | चोरी खोला | ८१२६९.१ घ.मि. | |
| ६ | कर्णाली नदी | ८१२६९.१ घ.मि. | उत्खनन नगरेको |
| जम्मा | | ३५२२४३.५५ घ.मि. | |

३५ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले कोषको संचालन सम्बन्धी कुनै ऐन तथा कार्यविधि बेगर वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १०,००,०००।- लाख ट्रान्सफर गरी खर्च लेखेको छ। ऐनको व्यवस्था अनुरुप कर्मचारीको पारिश्रमिकबाट १० प्रतिशत रकम कट्टा गरी उक्त कल्याण कोषमा दाखिला गरेको छैन। अत: पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम कर्मचारीको योगदान रहने गरी १० प्रतिशत कर्मचारीको पारिश्रमिकबाट र सोही बराबर रकम पालिकाबाट व्यवस्था गरी कल्याण कोषको व्यवस्थापन गर्नु पर्दछ।

३६ **विपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रु.५,६९,५१३.२०रहेकोमा यस वर्ष यस कोषमा रु. ९५,३९,५९८.८० आम्दानी प्राप्त भईयो बर्ष रु.८९,१९,३५४.००खर्च भई रु.११,८९,७५८.००मौज्दात रहेको छ। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

३७ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

३८ **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको

उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन।ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

३९ **अनुगमन भत्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण तथा कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। यमेश्वरी खनाललाई विल भरपाई संलग्न विना अनुगमन भत्ता भुक्तानी भएकोमा खर्च पुष्ठि गर्ने प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२०,००० |

४० **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३१ कर्मचारीको रू.१६१२५६४२।३४ र पालिकाका ४८ कर्मचारीको रू.२८८१६४६१।६७ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले यो वर्षको तलब भुक्तानी परीक्षण गर्न सकिएन। तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

४१ **विविध तथा सभा संञ्चालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रू. ३१४२५६४।०० र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि रू. १३,८३,०७०।०० समेत कुल रू. ४५२५६३४।०० खर्च गरेको छ। सो उक्त खर्च पालिकाको आन्तरिक आय रू. ८१८३५८१०।४५ को ५.५ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

४२ **पत्रपत्रिका खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियममितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यतासमेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पत्रपत्रिका वापत विभिन्न पत्रपत्रिका तथा मिडियाहरूलाई रू.३०८९१४०।— भुक्तानी गरेको छ। नमुना परीक्षणको क्रममा पालिकाले सन्देशमुलक सूचना तथा शुभकामना वापत रकम खर्च लेखेको छ। पालिकाले सार्वजनिक खर्च गर्दा मितव्ययी बनाउन यस्तो प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४३ **ज्याला रकम बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्वय नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ। पालिकाले गत आवको भुक्तानी बाँकी चालु प्रकृतिको खर्च शिर्षकबाट पालिकामा कार्यरत ज्यालादारी कर्मचारीहरूलाई पेश गरेको डोर हाजिरको हाजिर दिन बराबर रकम भुक्तानी गर्नुपर्नेमा सो हाजिर दिन भन्दा बढी रकम भुक्तानी गरेको देखियो। अतः बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| क्र.सं. | भुक्तानी पाउनेको नाम | भुक्तानी | | फरक रकम |
|---|---|---|---|---|
| | | हुनुपर्ने | भएको | |
| १ | कमलराज तिरुवा | ३३२६४ | ३४८४८ | १५८४ |
| २ | कमला सिंह | ५३१४३ | ५६७६६ | ३६२३ |
| ३ | डबल बहादुर बडुवाल | ११०५१३।७० | १११०२० | ५०६ |
| ४ | पदमकुमारी चौधरी | ७४२७९ | ७६०९१ | १८१२ |
| ५ | लोकेन्द्र चौधरी | ७४२७९।६ | ७४८८३।६० | ६०४ |
| ६ | सुरेशराज देवकोटा | ३२२२४ | ३४८४९ | २६२५ |
| ७ | हेमन्त थापा | १२८८९८ | १३५०३६ | ६१३८ |
| ८ | रमेश ढोली | ५२३६२ | ७००५२।४० | १७५१३ |
| जम्मा | | | | ३४४०५ |

| असुल गर्नुपर्ने | ३४,४०५ |
|---|---|

४४ **प्रमाण वेगर भुक्तानी** - आर्थिक कार्यविधि तथा नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ। पालिकाले गत आ.व. को भुक्तानी दिन बाँकी रकम यो वर्ष भुक्तानी दिँदा कार्यालयका कर्मचारी लक्ष्य चौधरीलाई विना विल भरपाई भुक्तानी दिएको छ। अतः पालिकाले खर्च प्रमाणित गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | ७४,५०५ |
|---|---|

४५ **मेयर तथा सचिवालय कार्यकक्षको डेकोरेशन कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधी समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत डईङ, डिजाईन, वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष नवनिर्मित पालिकाको भवनमा मेयर तथा सचिवालयको कार्यकक्षमा कोरियन वाल फर्म कार्य गर्नको लागि हरिकृष्ण होम डेकोरेशन सप्लायर्ससँग मिति २०७९/०१/११ गते सम्झौता गरी कार्य गराएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश विना रकम भुक्तानी गरेको देखिन्छ । अतः पालिकाले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | ९,८८,७५४ |
|---|---|

४६ **तीज कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वय नियमावली, २०७७ को नियम ३९ (७) मा सरकारी निकायबाट कुन तालीम गोष्ठि तथा सेमिनारको लागि कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराई कार्यक्रम सम्पन्न भईसके पश्चात खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष तिज कार्यक्रम संचालन गरी विभिन्न युवा क्लवहरुलाई कार्यक्रम सञ्चालन वापत रु. १७०२०७।०० भुक्तानी गरेकोमा कार्यक्रममा खर्च भएको बिल, भरपाई तथा प्रतिवेदन पेश भएको छैन। अतः कार्यक्रममा भएको खर्चको विल, भरपाई तथा प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७०,२०७ |

४७ **साक्षर पालिका घोषणा कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वय नियमावली, २०७७ को नियम ३९ (७) मा सरकारी निकायबाट कुन तालीम गोष्ठि तथा सेमिनारको लागि कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराई कार्यक्रम सम्पन्न भईसके पश्चात खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष साक्षर नगरपालिकाको लागि आवश्यक कक्षा संचालन गरी रु. २९४२७०।०० खर्च लेखेकोमा कार्यक्रममा खर्च भएको बिल, भरपाई तथा प्रतिवेदन पेश भएको छैन। अतः कार्यक्रममा भएको खर्चको विल, भरपाई तथा प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९४,२७० |

४८ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ । पालिकाले यस वर्ष लोक भिजन दैनिक पत्रिकाले रु. १०७०००।०० को बिल पेश गरेकोमा रु.१३००२०।०० भुक्तानी भएको छ। अतः बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,०२० |

४९ **वडाको बाटो सफाई कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिद कार्यको तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ५क. मा सार्वजनिक निकायले दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिएबमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ। लम्किचुहा नगरपालिकाद्धारा आ.व. २०७९।०८० को स्वीकृत दररेट विश्लेषणमा Surface dressing work Levelling Work, Simple bush clearance कार्यको लागि प्रति वर्गमिटर ०.८० म्यान डेजका दरले निर्धारण गरेको छ । पालिका भित्रका वडाहरूमा बाटो सफाई एवम नाली सफाई कार्यको लागि स्वीकृत लागत अनुमान विना प्रतिघण्टा रु. २५००.०० (इन्धन बाहेक) का दरले वडा नं. १ देखि १० सम्मको लागि मनिस फादर निर्माण सेवा प्रा.लि. लाई रु. ४४२३४३।०० र वडा नं. ६ को लागि के.पि.बी. कन्स्ट्रक्शन प्रा.लि.लाई रु. २९०९२०।०० गरी कुल रु. ७३३२६३।०० भुक्तानी दिएको छ । अतः पालिकाले लागत अनुमान तथा नाँपजाँच सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३३,२६३ |

५० **विद्युतको जरिवाना भुक्तानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले मितव्यिता तथा प्रभावकारिताका आधारमा बजेट खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विद्युत महशुल वापत रु. १६८३१७।०० जरिवाना भुक्तानी गरेको छ। तोकिएको समयमा महशुल भुक्तानी नगरी विलम्ब शुल्क भुक्तानी गर्ने कार्य नियमसम्मत नभएकोले नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,६८,३१७ |

५१ **नगर सभाको बैठक भत्ता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ (ङ) को क्र.सं.१ मा नगर सभा सदस्यको प्रति बैठक भत्ता रू.१०००।— दर दर निर्धार ण गरेको छ। पालिकाको १० औं नगर सभा बैठकमा सभा सदस्यहरूलाई रू.१५००।— को दरले बैठक भत्ता भुक्तानी गरेको छ । अतः ऐनले तोकेको भन्दा बढी भुक्तानी भएको रकम नगर सभा सदस्यका ५४ जना सदस्यहरूबाट असुल हुपर्दछ । रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,९५० |

५२ **दाउरा र जराहरू वितरण कार्य** - लम्कीचुहा नगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची-१२ मा ब्याकहो लोडरको भाडा प्रतिघण्टा रू.२५०० निर्धारण गरेको छ। जाडो समयमा र माघी पर्वमा वडा नं. ५ को सार्वजनिक स्थानमा आगो ताप्न दाउरा र रुखका जराहरू वितरणको लागि ब्याकहोलोडर भाडा प्रयोग गरे वापत प्रति घण्टा २५००।०० को दरमा ४१.५० घण्टाको रु. १०३७५०।०० भुक्तानी हुनुपर्नेमा प्रतिघटा रू.३०००।— को दरमा ५५ घण्टाको रु. १६५०००।०० थापा टायल एण्ड ब्लक उद्योगलाई भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ। रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,२५० |

५३ **नगर सभा खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले मितव्ययि तथा उच्चतम प्रतिफल प्राप्त हुने तरिकाले बजेट खर्च गर्नपर्ने व्यवस्था छ । पालिकाले ९ औं र १० औं नगर सभामा सभा सदस्यहरू र सदस्य सचिवसहित ५६ जनालाई मात्रै बैठक भत्ता उपलब्ध गराउनु पर्नेमा सो बाहेकका अन्य उपस्थित तथा पत्रकारहरूलाई समेत बैठक भत्ता, खाजा, खाना तथा झोला वितरण सहित नगरसभा सञ्चालन तथा व्यवस्थापन वापत रू.१३,८३,०७०।— रकम खर्च लेखेको छ । जुन आन्तरिक आयको १.७० प्रतिशत हुन जान्छ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था हुनु पर्दछ।

५४ **प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु. ३००६९६।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

५५ **अनुगमन भत्ता भुक्तानी -** आर्थिक कार्यविधि तथा नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ । पालिकाले गत आ.व. को अनुगमन भत्ता भुक्तानी दिँदा कार्यालयका कर्मचारी योगेन्द्रबहादुर मल्ललाई विना विल भरपाई रू.७६५००।— भुक्तानी गरेको छ । अतः भुक्तानी दिन बाँकीको प्रमाणित कच्चावारी र आवश्यक खर्चका विल भरपाई पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,५०० |

५६ **शिक्षक तलब -** अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा नेपाल सरकारका संघीय कार्यक्रम संचालन गर्ने सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ को लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बेगर एंव दरबन्दी मिलान नगरि समानिकरण अनुदानबाट रु. ३,०३,६३,९२०।०० तलब भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले विद्यालय मर्ज तथा शिक्षक दरबन्दी मिलान गर्नुको साथै शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गरी विद्यार्थी चाप बढी भएको विद्यालयमा शिक्षक दरबन्दी माग गरि विद्यालयको शैक्षिक गुणस्तर कायम राख्ने तर्फ ध्यान दिनुपर्दछ।

| तह | संख्या | मासिक पारिश्रमिक |
|---|---|---|
| प्रा.वि. | ६३ | १८६०० |
| नि.मा.वि. | ६८ | २०४०० |
| मा.वि. | ० | २२००० |

५७ **बढी भुक्तानी -** भ्रमण खर्च नियमावली, २०६४ को नियम १० को उपनियम (२) मा स्वीकृत भ्रमण आदेश बमोजिम कर्मचारीले भ्रमण भत्ता पाउनु पर्ने व्यवस्था छ। MIS Operator श्री दिपेश बजगाईको मिति २०७९।०७।२२ देखि २०७९।०७।२६ सम्म धनगढीको भ्रमण आदेश स्वीकृत भएकोमा ४.२५ दिनको १२०० को दरमा दैनिक भ्रमण भत्ता रु.५१००।०० र यातायात खर्च वापत रु.७०० गरी ५८००।०० भुक्तानी हुनुपर्नेमा रु.७९००।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१०० |

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा सुचिकृत ४००५ बेरोजगार मध्ये यो वर्ष ५४ योजना सञ्चालन गरी २५५ जनालाई औसत ९८.५१ दिनले २९०२१ दिन रोजगारी उपलव्ध गराई रु.

१,६७,४५,११७।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। अत्यन्तै थोरै संख्या वर्षको करिब ३१ प्रतिशत मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| वडा नं. | सुचिकृत बेरोजगार संख्या | रोजगार संख्या | रोजगार प्राप्त गरेको दिन | प्रतिव्यक्ति रोजगार प्राप्त गरेको दिन | कुलखर्च | प्रतिव्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ७६५ | ४९ | ६२५१ | १२७ | ३६०६८२७ | ६३६०८ | ६.४ |
| ३ | ३५३ | २२ | २१३४ | ९७ | १२३१३१८ | ५५९६९ | ६.२ |
| ४ | ४५९ | २९ | २८४२ | ९८ | १६३९८३४ | ५६५४६ | ६.३ |
| ५ | २११ | १३ | १२६१ | ९७ | ७२७५९७ | ५५९६९ | ६.१ |
| ७ | ९०७ | ५७ | ८१४३ | १४२ | ४६९८५११ | ८२४३० | ६.२ |
| ८ | ३८३ | २५ | २४५० | ९८ | १४१३६५० | ५६५४६ | ६.५ |
| ९ | ९२७ | ६० | ५९४० | ९९ | ३४२७३८० | ५७१२३ | ६.५ |
| **जम्मा** | ४००५ | **२५५** | **२९०२१** | ११३ | **१६७४५११७** | **५६८४२** | **७.५** |

५९ **दोहोरो निकासा -** आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमालवली, २०७७ नियम ३९ अनुसार रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । नमुना परिक्षणको क्रममा निम्न लाभग्राहीलाई दोहोरो

सामाजिक सुरक्षा भत्ता निकासा गरेको पाइयो । अतः दोहोरो सामाजिक सुरक्षा भत्ता निकासा सम्बन्धमा पालिकाले यकिन गरी प्रमाण पेस गर्नुपर्ने अन्यथा सम्वन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.स | नामथर | खाता नम्बर | संकेत नम्वर | वडा नं. | रकम |
|---|---|---|---|---|---|
| १ | Budhram Dangaura Tharu | ०८१०१९०९१८७०००१५ | २००८१२२५०२२८३ | १० | ४८००० |
| २ | Dane Bhul | ०८१०१४१२६६५०००११ | १९९८१२३३१५०३२ | १० | ४८००० |
| ३ | Gopal Dholi | ०८१०२१२७४३००००१३ | २०१५०५१२०२८९९ | १० | १५९६० |
| जम्मा | | | | | १११९६० |
| | | | | प्रमाण पेश नगरेको | १,११,९६० |

६० **निष्क्रिय खाताको विवरण नभएको -** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा\भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैंकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।

६१ **सामाजिक सुरक्षा वितरण -** यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा विभिन्न १० वटा बैंकबाट जम्मा रु. ३०७८६८७४७ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन :-

| सामाजिकसुरक्षा भत्ता पाउने समूह | कायम संख्या | वितरण गरेकोसंख्या | वितरण गरेको रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| अन्य जेष्ठनागरिक | ४१४८ | ४१४८ | १९५३१८४१८ | |
| जेष्ठनागरिक(दलित) | ६५२ | ६५२ | २०४३१४३९ | |
| जेष्ठ नागरिकएकल महिला | ६२५ | ६२५ | १९८०४९२४ | |
| विधवामहिला(आर्थिक सहायता) | १४७९ | १४७९ | ४६६८८५८६ | |

| | | | | |
|---|---|---|---|---|
| पूर्णअपाङ्गता(क बर्ग) | ११६ | ११६ | ५४०५४१४ | |
| अति अशक्तअपाङ्गता(ख बर्ग) | ५०८ | ५०८ | १२७०११५१ | |
| लोपोन्मुखआदिवासी जनजाती | ० | ० | ० | |
| बाल पोषण भत्ता | १२३७ | १२३७ | ७५१८८१५ | |
| जम्मा(चार वटै त्रैमासिक) | ८७६५ | ८७६५ | ३०७८६८७४७ | २७२६९८६ |

६२ **मृतकको नाममा भत्ता निकासा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले विभिन्न वडा को लाभग्राहीहरुका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैंकले बुझाएको भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरुको खातामा समेत नगद जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अपडेट गरि मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरुको लगतकट्टा गरि बैंकलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा सो कार्य नगरेकोले केहि मृत व्यक्तिहरुको खातामा समेत रकम जम्मा भएको पाइयो। अत: मृत व्यक्तिलाई भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम | परिचय पत्र नम्वर | किस्ता | वढी भुक्तानी भएको रकम रु. | वडा नं. |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी देवी जैसी | २००३०६०२०४४२९ | तेर्सो किस्ता | ३३३३ | ६ |
| २ | खडके धमाला | १९९७१२३१२८३७९ | तेर्सो किस्ता | १७३० | २ |
| ३ | गोमा देवी जैसी | १९९४१२३११०७१३ | दोर्सो किस्ता | २२६० | २ |
| ४ | भक्ते विश्वकर्मा | २००११२३३०८१२३ | तेर्सो किस्ता | ९३१ | २ |
| ५ | भक्त बहादुर दानी देउवा | १९९५१२३१४८०२५ | तेर्सो किस्ता | २९२७ | ६ |
| ६ | जगे भुल | २००३०६१७०१४०७ | तेर्सो किस्ता | १०६४ | ६ |
| ७ | राइसे भुल | १९९४१२३१२२२५४ | चौथो किस्ता | ६२७० | ६ |
| ८ | राजाराम चौधरी | २००६१२३२५९२०७ | चौथो किस्ता | ४६७५ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | कर्ण बहादुर खत्री | २०२२०६१९००७४४ | चौथो किस्ता | ३९०० | २ |
| १० | भलमन्सा थारु चौधरी | १९९७१२३१२८३६१ | चौथो किस्ता | ३८५७ | २ |
| ११ | दुर्पजन डगौरा थारु | २००३०७१३००६७९ | चौथो किस्ता | ९६०५ | २ |
| १२ | लक्षु कामी | २००३०२१८००६४६ | चौथो किस्ता | ६४०३ | २ |
| १३ | नन्दाकली रोकाया | २००४०७१३००१४९ | चौथो किस्ता | १३३० | २ |
| १४ | मेघिया थरुनी | २०१३०१०२०४०८३ | चौथो किस्ता | ६७३८ | २ |
| १५ | अम्वर बहादुर धामि | २००७०३०२०२९५९ | चौथो किस्ता | १०४०० | २ |
| १६ | गोपाले दमाई | २०१३१२३०७७२६६ | चौथो किस्ता | २७४८ | ३ |
| १७ | श्रीजगनाथ जैशी | १९९९१२३१४८९७७ | चौथो किस्ता | २९२६ | ३ |
| १८ | कमल बहादुर शाह | २००५१२३२३४३३५ | चौथो किस्ता | ४७८८ | ३ |
| १९ | अमृते दमाई | २००००३११०१०६४ | चौथो किस्ता | ५४५४ | ४ |
| २० | भद्रा धमाला | १९९५१२३१४७४८५ | चौथो किस्ता | ५१८७ | ४ |
| जम्मा | | | | ८६५२६ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,५२६ |

६३ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम १०६ मा जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार तथा लिलाम बिक्री गर्नुपर्ने भनि उल्लेख गरिएका जिन्सी मालसामानलाई मर्मत सम्भार तथा लिलाम, बिक्री गर्नुपर्ने व्यवस्था छ। पालिका

जिन्सी निरिक्षण प्रतिवेदनमा ल्यापटव, डेष्टव कम्प्युटर, सि सि टी भी, , सोफासेट, कुर्चि ,रिभलिङ चेयर लगायतका ३२२ मालसामान मर्मत सम्भार तथा लिलाम बिक्री गर्नुपर्ने भनि उल्लेख भएतापनि सो गरिएको छैन। अतः पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन अनुसार जिन्सी सामाग्रीको मर्मत सम्भार तथा लिलाम बिक्री गर्नुपर्दछ।

---

६४ **बढी निकासा** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० मा प्राविधिक धार तर्फका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीलाई OJT वापत प्रतिविद्यार्थि वार्षिक रु.१५०००।०० भुक्तानी दिने व्यवस्था छ।जन जागृती उच्च मावि चौरीमा प्राविधिक धार तर्फ १६२ विद्यार्थी रहेको भनि पालिकाबाट भैतिकरुपमा प्रमाणिकरण गरेको देखिन्छ। १६२ विद्यार्थी अनुसार रु.२४३००००।०० निकासा हुनुपर्ने रु.२४४५०००।०० निकासा भएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

---

६५ **एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति** - एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति वितरण कार्यविधि, २०७८ (प्रथम संशोधन) को दफा ३ को उपदफा४(छ) मा चिकित्साशास्त अध्ययनका लागि चालु आर्थिक वर्षमा प्रथम वर्ष वा प्रथम सेमेस्टरमा भर्ना भएको हुनुपर्ने वा प्रथम वर्ष अध्ययनरत हुनुपर्ने भन्ने व्यवस्था गरिएको छ।सोही व्यवस्थालाई आधार मानी यस वर्ष Devdaha Medical college and Research Institute Rupandehi, Nepal मा अध्ययनरत छात्र श्री सुशान्त कार्की र Lord Buddha education Academy ltd. मा अध्ययनरत श्री गोपी न्यौपानेलाई अध्ययन सकिएपश्चात नेपाल सरकारले तोकेको मापदण्डमा रहि २ वर्ष अनिवार्यरुपमा पालिकामा सेवा गर्ने कवुलियतनामा गरि वार्षिक १० लाखको दरमा ५० लाख छात्रवृत्ति दिने निर्णायानुसार प्रतिव्यक्ति १० लाखको दरमा २० लाख भुक्तानी दिएको देखिन्छ । यसरी छात्रवृत्ति कार्यक्रममा छनौट गर्दा सम्बन्धित वडा कार्यालयले विद्यार्थिलाई आर्थिक रुपमा विपन्न व्यक्ति भनि सिफारिस समेत गरेको पाइन्छ। एम.वि.वि.एस. अध्ययनको लागि प्रति व्यक्ति रु.४५,९५,७२०।०० लागत भुक्तानी गर्न मन्जुर भई प्रथम सत्रको रु. १५,३१,९०७।०० भुक्तानी समेत गरेको व्यक्तिलाई विपन्न व्यक्तिको रुपमा व्याख्या गरी छात्रवृत्ति प्रदान गर्ने कार्य उचित देखिदैन। विपन्न वर्ग छात्रवृत्तिको मर्म अनुसार वास्तविक विपन्न व्यक्ति जसले भर्ना समेत गर्न नसक्ने अवस्थाको हुन्छ। त्यस्ता व्यक्तिलाई अवसर प्रदान गर्न सक्ने गरी कार्यविधि तथा मापदण्ड पुनरावलोकन हुनुपर्दछ।

---

६६ **दोहोरो अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगतनिरिक्षण गरी वार्षिक साधारण सभा भएको, विधानबमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको रलेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिककेन्द्रहरुलाई एकमुष्ट रु.२०००००।०० अनुदान उपलब्ध गराउनेउल्लेख छ।शैक्षिक पहुचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्र्तगत सामुहिक सिकाई केन्द्र संचालन वापत ज्ञानकुञ्ज सामुदायिक सिकाई केन्द्रलाई संचालन अनुदान वापत शर्सत अनुदानबाट रु.२०००००।०० निकासा भएको छ।पालिकाले सोही सिकाई केन्द्रलाई शैक्षिक अनुदान वापत पालिका चालु शिर्षकबाट थप

रु.२०००००।०० निकासा दिएको देखिन्छ। यसरी एउटै संस्थालाई आवश्यकता र उचित कार्ययोजना विना थप अनुदान भुक्तानी दिने कार्य नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

६७ **छात्रवृत्ती वितरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। तपशिल बमोजिमको विद्यालयले विद्यार्थी छात्रवृत्ती निकासा भन्दा कम वितरण भरपाई पेश गरेकोले विद्यार्थीलाई वितरण गरेको भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

| विद्यालय | निकासा रकम | वितरण भरपाई | अपुग |
|---|---|---|---|
| राष्ट्रिय मावि थापापुर | ८०८०० | ६२८०० | १८००० |
| कालिका मावि भुरुवा | १४४००० | १०१६०० | ४२४०० |
| जम्मा | | | ६०४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,४०० |

६८ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नम्बर २.७.१३.५० माप्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाकालागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चातअनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष४६वटाविद्यालयलाई जम्मा रु.४१,९७,४००।००निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदनपेश भएको पाईएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना हुनुपर्दछ।

६९ **कार्य सम्पादनमा आधारित अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार तोकिएको सुचकाङ्कका आधारमाकार्यासम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान विद्यालयले शिक्षणसिकाई सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चित गरी रु.५० हजार रउत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढिकरणका लागि रु.२ लाख भुक्तानी दिने र सो रकमको निर्देशिकाअनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा विभिन्न सुचक निर्धारण गरी ती सूचक मुल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ।पालिकाकोशिक्षा शाखाबाट विद्यालयको स्व-मुल्याङ्कनको आधारमा देहाएका विद्यालयलाई निकासा भएको देखियो। कार्यान्वयन पुस्तिकाको सबै व्यहोरा पालना गरीअनुदान दिएको सुनिश्चित हुने आधार प्रमाण नभएकोले सो अनुसार गरेको प्रमाण पेशहुनुपर्दछ।

| क्र.सं. | विद्यालयको नाम | अनुदानको प्रकार | रकम |
|---|---|---|---|
| १ | नवजीवन मावि वलिया | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| २ | सरस्वती मावि भरुवा | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| ३ | जीवनदिप प्रावि वडा नं. ३ | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |

| | | | |
|---|---|---|---|
| ४ | कालिका प्रावि | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| ५ | नवदुर्गा मावि मलभङ्गा | कार्यसम्पादनमा आधारित अनुदान | ५०००० |
| ६ | कृष्ण मावि वाघमारा | उत्कृष्ट शिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सृदृढीकरण लागि प्रोत्साहन अनुदान | २००००० |
| ७ | राष्ट्रिय नमुना मावि मोतिपुर | नमुना विद्यालयमा सेवा अनुबन्धनका आधारमा नियुक्त हुने प्रअ र शिक्षकका लागि विद्यालयमार्फत प्रोत्साहन अनुदान | २००००० |
| जम्मा | | | ६५०००० |

७० **सामुदायिक सिकाई केन्द्र** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगतनिरिक्षण गरी वार्षिक साधारण सभा भएको, विद्यानबमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको रलेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिककेन्द्रहरुलाई एकमुष्ट रु.२०००००।०० अनुदान उपलब्ध गराउनेउल्लेख छ।शैक्षिक पहुचमा सुनिश्चितता, अनौपचारी तथा वैकल्पिक शिक्षाकार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालन वापत निम्म शिकाईकेन्द्रलाईसंचालन अनुदान निकासा भएको देखियो।उक्त केन्द्रलनई निकासा भएको अनुदानको उपयोग रउपलब्धि खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदानउपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|
| १ | ज्ञानकुञ्ज सामुदायिक सिकाई केन्द्र | २००००० |
| २ | जनकल्याण सामुदायिक सिकाई केन्द्र | २००००० |
| जम्मा | | ४००००० |

७१ **अनुदान व्यवस्थापन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदानप्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रकृया अनुरुप गरे नगरेको नियमित रुपमाअनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मावनस्रोत केन्द्रमा पठाउनेव्यवस्था छ। यस पालिकाले आर्थिक वर्ष २०७९/८० माअनुदान दिएका निम्न विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कार्यान्वयन भए नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदन तयार गरेको देखिएन। अत: विद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वयन भएको विश्वस्त हुने आधार देखिएन। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | शिक्षण सहयोग अनुदान | १०६१२००१ |
| २ | पाठ्यपुस्तक अनुदान | १११५४७०७ |
| ३ | छात्रवृत्ति | ३१९८४०० |
| जम्मा | | २४९६५१०८ |

७२ **शिक्षक विद्यार्थी अनुपात**-स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षककोपदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयननिर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्नेविद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागिविद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अर्न्तगत रहेका ४६ सामुदायिक विद्यालयको प्राप्त विवरण अनुसार न्यून शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको छ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थीअनुपात |
|---|---|---|---|---|---|
| १ | कालिकामा.बि.भुरुवा | १९ | २० | १२२० | १:६१ |
| २ | सरस्वतीमा.बि.भुरुवा | ७ | १२ | ४७० | १:३९ |
| ३ | शहिद स्मृतिमा.बि.लम्की | ५ | ११ | ४४२ | १:४० |
| ४ | बालकल्याण मा.बि .भुरुवा | ८ | १४ | ८२९ | १:५९ |
| ५ | दिपेन्द्रमा.बि.लम्की | ७ | १० | ४६९ | १:४७ |
| ६ | जनचेतनाप्रा.बि.मोतिपुर | १ | १ | १४५ | १:१४५ |
| ७ | जनसेवामा.बि.गणेशपुर | १६ | २० | ७८२ | १:३९ |
| ८ | राष्ट्रिय नमुना मा.बि.मोतिपुर | १९ | २६ | १०९४ | १:४२ |
| ९ | नेपालराष्ट्रिय कर्णाली मा.बि.चिसापानी | ५ | १२ | ६१८ | १:५२ |
| १० | राष्ट्रिय मा.बि.बल्चौर | २३ | ३१ | ११९९ | १:३९ |
| ११ | सरस्वतीमा.बि.कौवापुर | ७ | १० | ६२६ | १:६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | नवजीवनमा.बि.बलिया | ९ | १३ | ५८६ | १:४५ |
| १३ | जनतामा.बि.चौरिपुर | १९ | २१ | ९५० | १:४५ |
| १४ | जनजागृतिमा.बि.चौरी | ३० | ३३ | १२७६ | १:३९ |
| १५ | जनप्रभातमा.बि.तिलकपुर | ६ | १० | ७८१ | १:७८ |
| १६ | राष्ट्रिय मा.बि.थापापुर | ७ | १३ | ३८३ | १:२९ |
| १७ | बिद्याज्योतिप्रा.बि.राजिपुर | ३ | ४ | १२० | १:३० |
| १८ | शम्भुशुनन्दा आ.बि. चैनपुर | ६ | ११ | ४०५ | १:३७ |
| १९ | कृष्णमा.बि.बाघमारा | ६ | १० | ७५२ | १:७५ |
| २० | राष्ट्रिय मा.बि.बामनपुर | ६ | १३ | २५३ | १:१९ |
| २१ | जानकी आ.बि.खरौला | ९ | १४ | २९८ | १:२१ |
| २२ | बालसेवामा.बि.चाकाबा डी | ११ | १३ | ५३८ | १:४१ |
| २३ | बासघारीप्रा.बि.खरौला | ४ | ६ | ५९ | १:१० |
| २४ | कालिकाप्रा.बि.बचैला | २ | ५ | २०४ | १:४१ |
| २५ | नवदुर्गामा.बि.मलभंगा | ३ | ७ | ६३४ | १:९१ |
| २६ | राष्ट्रिय मा.बि.गप्का | १० | १३ | ४४६ | १:३४ |
| २७ | लक्ष्मीआ.बि.बंगालीपुर् | १० | १२ | २८२ | १:२४ |
| २८ | सरस्वतीमा.बि.प्रतापपुर | २२ | २५ | ११९५ | १:४८ |
| २९ | नवजागरणआ.बि.बनवर्षा | ८ | १३ | ३०६ | १:२४ |
| ३० | दुर्गाआ.बि.मैनबाडाडा | ८ | १० | १९६ | १:२० |
| ३१ | बलाबिद्या निकेतनप्रा.बि.चुहा | ५ | ५ | १५६ | १:३१ |
| ३२ | राष्ट्रिय नव जागृतमा.बि.चुहा | १९ | २१ | ७३४ | १:३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | जनहितप्रा.बि.लोहरपुर | ३ | ४ | ९८ | १:२५ |
| ३४ | जनसृजनाप्रा.बि.गिधिनिया | २ | २ | १३९ | १:७० |
| ३५ | रंगादेवीप्रा.बि.पिपरकोटि | २ | २ | १४९ | १:७५ |
| ३६ | चम्किलोताराप्रा.बि.बावनपुर् | २ | २ | ११९ | १:६० |
| ३७ | सूर्योदयप्रा.बि.तोरिपुर | १ | १ | ८३ | १:८३ |
| ३८ | सरस्वतीप्रा.बि.बर्राचौर | २ | २ | २२८ | १:११४ |
| ३९ | जीवनदीपप्रा.बि.बल्चौर | २ | २ | २८८ | १:१४४ |
| ४० | जनचेतनाप्रा.बि.उत्तरलम्की | २ | २ | १२९ | १:६५ |
| ४१ | ज्ञानोदयप्रा.बि.चौरी | ३ | ३ | १०९ | १:३६ |
| ४२ | शिवशक्ति श्री बिद्यापिठ | ० | २ | २७ | १:१४ |
| ४३ | हरदहनी मुक्तकमैयाबालबिद्यामन्दिर | १ | २ | ७१ | १:३६ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखितविद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१० देखि १:१४५ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको रकतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढुन गरेको अवश्था देखिन्छ। अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यानदिनुपर्दछ।

७३ **दिवा खाजा** - आर्थिक वर्ष २०७९/८० को लागि शिक्षा, विज्ञान तथाप्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०७९/८० को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यकपर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीलेदिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुनेखाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनकोप्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागिविद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अननुदानबाट कुल४६विद्यालयका लागि खाजा वापत रु.२,३१,८१,०१०।००विद्यालयको खातामा रकमम निकासा गरेकोपाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमनगरको पाइएन। निकासा गरेको

रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमकापौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धितनिकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोग भएको छछैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

---

७४ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मकाविद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्नेव्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालयअनुगमन कार्यका साथै शिक्षण शिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्नेदेखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालनगर्ने तर्फ ध्यान दिनुपर्दछ।

---

७५ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथाकार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुपसामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिकविद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरणतथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथापेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय रनागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिकशिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरीलागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागिपालिकाको ध्यान जानु पर्दछ।

---

७६ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४६ वटा सामुदायिक विद्यालयमा३४० शिक्षक दरवन्दी रहेकोमा ४६३ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम(१) मा सामुदायिकविद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिकाका स्थित ४६ वटा सामुदायिक विद्यालयमा २००७५ जना विद्यार्थी अध्ययनरत रहेका छन्। पालिकाले न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | पदपूर्ती | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत, शिक्षण सिकाइ अनुदान ,अन्य दरबन्दी | जम्मा | स्थायी | राहत ,शिक्षण सिकाइ अनुदान ,अन्य दरबन्दी | पदपूर्तिमध्ये करार | नगर अनुदान | |
| १ | कालिकामा.बि.भुरुवा | ३ | १६ | १९ | ३ | १६ | ० | १ | १२२० |
| २ | सरस्वतीमा.बि.भुरुवा | ० | ७ | ७ | ० | ७ | ० | ५ | ४७० |
| ३ | शहिद स्मृतिमा.बि. लम्की | ० | ५ | ५ | ० | ५ | ० | ६ | ४४२ |
| ४ | बालकल्याण मा.बि .भुरुवा | ० | ८ | ८ | ० | ८ | ० | ६ | ८२९ |
| ५ | दिपेन्द्रमा.बि. लम्की | ० | ७ | ७ | ० | ७ | ० | ३ | ४६९ |
| ६ | जनचेतनाप्रा.बि.मोतिपुर | ० | १ | १ | ० | १ | ० | ० | १४५ |
| ७ | जनसेवामा.बि.गणेशपुर | २ | १४ | १६ | २ | १४ | ० | ४ | ७८२ |
| ८ | राष्ट्रिय नमुना मा.बि.मोतिपुर | ५ | १४ | १९ | ५ | १४ | ० | ७ | १०९४ |
| ९ | नेपालराष्ट्रिय कर्णालीमावि चिसापानी | २ | ३ | ५ | २ | ३ | ० | ७ | ६१८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | राष्ट्रिय मा.बि.बल्चौर | ५ | १८ | २३ | ५ | १८ | ० | ८ | ११९९ |
| ११ | सरस्वतीमा.बि.कौवापुर | ० | ७ | ७ | ० | ७ | ० | ३ | ६२६ |
| १२ | नवजीवनमा.बि.बलिया | २ | ७ | ९ | २ | ७ | ० | ४ | ५८६ |
| १३ | जनतामा.बि.चौरिपुर | ६ | १३ | १९ | ६ | १३ | ० | २ | ९५० |
| १४ | जनजागृतिमा.बि.चौरी | ९ | २१ | ३० | ९ | २१ | ० | ३ | १२७६ |
| १५ | जनप्रभातमा.बि.तिलकपुर | ० | ६ | ६ | ० | ६ | ० | ४ | ७८१ |
| १६ | राष्ट्रिय मा.बि.थापापुर | २ | ५ | ७ | २ | ५ | ० | ६ | ३८३ |
| १७ | बिद्याज्योति प्रा.बि.राजिपुर | १ | २ | ३ | १ | २ | ० | १ | १२० |
| १८ | शम्भुशुनन्दा आ.बि. चैनपुर | १ | ५ | ६ | १ | ५ | ० | ५ | ४०५ |
| १९ | कृष्णमा.बि.बाघमारा | २ | ४ | ६ | २ | ४ | ० | ४ | ७५२ |
| २० | राष्ट्रिय मा.बि.बामनपुर | ० | ६ | ६ | ० | ६ | ० | ७ | २५३ |
| २१ | जानकी आ.बि.खरौला | ३ | ६ | ९ | ३ | ६ | ० | ५ | २९८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | बालसेवामा.बि.चाकाबाडी | ४ | ७ | ११ | ४ | ७ | ० | २ | ५३८ |
| २३ | बासघारीप्रा.बि.खरौला | ० | ४ | ४ | ० | ४ | ० | २ | ५९ |
| २४ | कालिकाप्रा.बि.बचैला | १ | १ | २ | १ | १ | ० | ३ | २०४ |
| २५ | नवदुर्गामा.बि.मलभंगा | १ | २ | ३ | १ | २ | ० | ४ | ६३४ |
| २६ | राष्ट्रिय मा.बि.गप्का | ४ | ६ | १० | ४ | ६ | ० | ३ | ४४६ |
| २७ | लक्ष्मीआ.बि.बंगालीपुर् | ० | १० | १० | ० | १० | ० | २ | २८२ |
| २८ | सरस्वतीमा.बि.प्रतापपुर | १० | १२ | २२ | १० | १२ | ० | ३ | ११९५ |
| २९ | नवजागरण आ.बि.बनवर्षा | ० | ८ | ८ | ० | ८ | ० | ५ | ३०६ |
| ३० | दुर्गाआ.बि.मैनबाडाडा | ३ | ५ | ८ | ३ | ५ | ० | २ | १९६ |
| ३१ | बलाबिद्या निकेतनप्रा.बि.चुहा | १ | ४ | ५ | १ | ४ | ० | ० | १५६ |
| ३२ | राष्ट्रिय नव जागृतमा.बि.चुहा | १३ | ६ | १९ | १३ | ६ | ० | २ | ७३४ |
| ३३ | जनहितप्रा.बि.लोहरपुर | ० | ३ | ३ | ० | ३ | ० | १ | ९८ |
| ३४ | जनसृजनाप्रा.बि.गिधिनिया | ० | २ | २ | ० | २ | ० | ० | १३९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३५ | रंगादेवीप्रा.बि.पिपरकोटि | ० | २ | २ | ० | २ | ० | ० | १४९ |
| ३६ | चम्किलोताराप्रा.बि.बावनपुर् | ० | २ | २ | ० | २ | ० | ० | ११९ |
| ३७ | सूर्योदयप्रा.बि.तोरिपुर | ० | १ | १ | ० | १ | ० | ० | ८३ |
| ३८ | सरस्वतीप्रा.बि.बर्राचौर | ० | २ | २ | ० | २ | ० | ० | २२८ |
| ३९ | जीवनदीपप्रा.बि.बल्चौर | ० | २ | २ | ० | २ | ० | ० | २८८ |
| ४० | जनचेतनाप्रा.बि.उत्तरलम्की | ० | २ | २ | ० | २ | ० | ० | १२९ |
| ४१ | ज्ञानोदयप्रा.बि.चौरी | ० | ३ | ३ | ० | ३ | ० | ० | १०९ |
| ४२ | पुर्णिमाप्रा.बि.कौवापुर | ० | ० | ० | ० | ० | ० | ० | ११६ |
| ४३ | शिवशक्ति श्री बिद्यापिठ | ० | ० | ० | ० | ० | ० | २ | २७ |
| ४४ | मदरसा अरबिया नुरुलइस्लाम | ० | ० | ० | ० | ० | ० | ० | ४१ |
| ४५ | हरदहनी मुक्तकमैया बालबिद्या मन्दिर | ० | १ | १ | ० | १ | ० | १ | ७१ |
| ४६ | मदरसा गौसिया गरिब नमाज | ० | ० | ० | ० | ० | ० | ० | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ८० | २६० | ३४० | ८० | २६० | | १२३ | २००७<br>५ |

७७ **विज्ञान प्रयोगशाला** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को बुँदा नं. ९.६ मा विद्यालयमा विज्ञान प्रयोगशाला स्थापनाको लागि एकमुष्ट रु.६५००००।०० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले श्री लक्ष्मी आवि वंगालीपुर, नवदुर्गा मावि मदलभङ्गा, जनता मावि चौरीपुर र सहित स्मृतीलाई विज्ञान प्रयोगशालाको लागि रु.६५००००।०० को दरमा रु.१४,००,०००।०० निकासा भुक्तानी दिएकोमा विद्यालयले विज्ञान प्रयोगशाला स्थापनाको लागि खरिद गरिएका सामाग्रीको प्राविधिक स्पेसिफिकेशन विना खरिद गरेको देखिन्छ। स्पेसिफिकेशन विना खरिद गरिएका सामाग्रीको गुणस्तरमा आश्वस्त हुन आधार देखिंदैन। अत: प्राविधिक तथा ल्याब सामाग्री खरिदमा निर्देशिकामा उल्लिखित तथा आवश्यक मापदण्डका आधारमा खरिद गर्नु पर्दछ।

७८ **IEMIS अद्यावधिक** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, नि:शुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा निकास दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

७९ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिकामा गत वर्ष ५० थान यस वर्ष ९५० थान को रु. ८५१९०७।०० खरिद गरेकोमा यस वर्ष ६३६ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ३६४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

८० **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६७२० जना रहेका छन। पालिकाले ६१०५१ थान स्यानिटरी प्याड रु.२८,६३,६७३।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी

सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

८१ **दरबन्दी भन्दा बढी पदपूर्ती -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्वको क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतासमेतलाई आधारमा लिई संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाको स्वास्थ्य शाखा, स्वास्थ्य चौकी तर्फ गरी कुल २० दरबन्दी स्वीकृत रहेकोमा ३० जना स्वास्थ्यकर्मिको पदपूर्ती रहेको छ ।

यसरी दुर्गम जिल्ला तथा पालिकामा दरबन्दी भन्दा न्यून कर्मचारी रहेको विद्यमान अवस्थामा यस पालिकामा दरबन्दी भन्दा १० जना बढी कर्मचारीहरु कार्यरत रहेका छन। दरबन्दी भन्दा बढी कर्मचारीहरु कार्यरत हुनाले शसर्त अनुदानबाट समेत कर्मचारीलाई पारिश्रमिक भुक्तानीमा समस्या हुने गरेको देखिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.५८५१मिति २०८०।०३।२५ को पत्रानुसार कर्मचारी समायोजन पश्चात स्थानीय तहको दोहोरो सहमतिका आधारमा कामकाजमा खटाईएका कर्मचारीहरुमध्ये स्वीकृत दरबन्दी भन्दा बढी स्वास्थ्य कर्मचारीहरुलाई तत् तत् स्थानीय तहमा मिति २०८०।०४।०१ गतेदेखि लागू हुने गरि अनिवार्य काज फिर्ता गरी मन्त्रालयमा जानकारी पठाउने गरि पत्राचार भएता पनि सो कार्यान्वयनमा देखिएन। पालिकाले मन्त्रालयको परिपत्रअनुसार स्वकृत दरबन्दी बढी बढी स्वास्थ्य कर्मचारीहरुलाई सम्बन्धित स्थानीय तहमा काज फिर्ता गरि दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

८२ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु १९,७३,३७४।०० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| बजेट उपशिर्षक नं. | आपूर्तीकर्ता | रकम |
|---|---|---|
| पालिका चालु स्वास्थ्य | सुविसु मेडिसिन सप्लायर्स काठमाडौं | ४९८३७४ |
| शर्सर्त चालु | सुविसु मेडिसिन सप्लायर्स काठमाडौं | ४८१८९८ |
| पालिका चालु स्वास्थ्य | लम्बी ड्रग हाउस लम्की चुहा न.पा.कैलाली | ९९३१०२ |
| जम्मा | | १९,७३,३७४ |

८३ **अनुदानको अनुगमन तथा प्रतिवेदन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।यस वर्ष पालिकाले सशर्त अनुदानबाट कृषि तर्फ पेकट विकास कार्यक्रम अर्न्तगत ५ वटा गहुँ पकेट विकास कार्यक्रममा रु. २६०००००।००, धान पकेट विकास कार्यक्रममा रु. ६०००००।०० र अन्य समेत गरी पालिकाले आर्थिक विकासमा कुल रु. २,७७,३७,४७९.६० खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा उत्पादन तथा उत्पादकत्वमा परेको प्रभाव, उत्पादकत्वमा भएको वृद्धिदर, बजारीकरणमा पारेको प्रभाव, अनुदान प्राप्त गर्ने लाभग्राहीको बिवरण लगागत विषयमा पालिकाले कुनै अध्ययन प्रतिवेदन तथा प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

---

८४ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(२) चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरिक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ ।यस पालिकाले आफ्नो स्थानीय आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पारित नभएको अवस्थामा संघीय कानूनको अनुशरण गर्नु पर्ने हुन्छ । पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू.१५४४३७६४६.९९ संचित कोष मौज्दात बाकी रहि यो वर्ष अल्या गरेको छ । तर गत वर्ष भुक्तानी दिन बाकी भनि निम्नानुसार रू ११ करोड ९ लाख ४५ हजार ८१४ बजेट व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ । यसरी गत वर्ष खर्च भई दायित्व सृजना गरेको तर संचित कोषमा पर्याप्त रकम हुदा समेत भुक्तानी नहुनुको कारण स्पष्ट छैन । त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार यथार्थ भुक्तानी बाकीको योजनागत विवरण प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन । लम्पसममा विनियोजन गरेको बजेटले यथार्थ भुक्तानी बाकी भएको सुनिश्चत गर्न सक्दैन । सिद्दान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन । विशेष परिस्थितिले खर्च हुन गएको तर बजेटले नखाम्ने अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार विल भरपाई सहित प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा पठाई वास्तविक खर्च रकम मात्र बजेटमा व्यवस्था गर्नु पर्दछ ।

| क्रस | योजनाहरुकोनाम | विनियोजित रकम |
|---|---|---|
| १ | ज्यालादारी कर्मचारीको पारिश्रमिक | ४०३२२३२.०० |
| २ | नगरपालिका पुँजिगत | ३०९०३३७७.०० |

| | | |
|---|---|---|
| ३ | शिक्षा तर्फको शिक्षकको पारिश्रमिक | ४४१०९५१६.०० |
| ४ | नगरपालिका चालु | १४५५०४८८.०० |
| ५ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | १६७७८२००.९९ |
| ६ | पशु सेवा शाखाको कार्यक्रम | ५७२०००.०० |
| | जम्मा | ११०९४५८१४.०० |

८५ **सम्झौताको कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) र ५९ (७) मा खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा वा सम्झौता बमोजिम प्रगति नदेखिएमा खरिद सम्झौता अन्त्य गरी यदि निर्माण व्यवसायीको कारणले सम्झौता अन्त्य हुन गएको अवस्थामा निजको पुरै धरौटी जफत गरी बाकी काम निर्माण व्यवसायीको खर्चले सम्पन्न गर्नु पर्ने व्यवस्था छ । त्यसैगरीसार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नु पर्ने कुनै कुरा उपलव्ध नगराएको वा कावु बाहिरको कुनै परिस्थिति सृजना भइ समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा नियमानुसार म्याद थप गर्न सक्ने व्यवस्था छ । यस पालिकाको निम्नानुसार सडक निर्माण कार्यको सम्झौता अवधि पटक पटक गरी शुरु सम्झौता अवधि भन्दा १८५ प्रतिशत सम्म थप हुदा समेत कार्य सम्पन्न भएको अवस्था छैन । नगर सभाबाट निम्नानुसार सबै गत विगत वर्षमा सम्झौता भएका ठेक्काको सम्झौता अवधि २०८०।४।३० सम्म म्याद थप भएकोमा २०८०।०५।१ देखि पुर्व निर्धारित क्षतिपुर्ति लिने गरि निर्णय गरेको छ । नियमावलीको उल्लिखित व्यवस्थामा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नुपर्ने कुनै कुरा उपलव्ध नगराएको वा कावु बाहिरको कुनै परिस्थिति सृजना भइ समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा मात्र म्याद थपको प्रक्रिया अगाडि बढाउन सकिने व्यवस्था भएकोमा यहाँ त्यस्तो अवस्था पुष्टि भएको देखिदैन। उल्लिखित म्याद थप गर्दा निर्माण व्यवसायीबाट म्याद थपको लागि निवेदन समेत प्राप्त भएको देखिएन। कुनै विशेष कारण समेत नखोली भएको म्याद थप नियम सम्मत देखिदैन । साथै २०८० भदौ १ देखि लेखापरीक्षण हुदाको अवस्था मिति २०८० पौस मसान्त सम्मको अवधि १५० दिनको निम्नानुसार पुर्व निर्धारित क्षतिपुर्ति सम्बन्धितबाट असुल गर्नु गरी सम्झौताको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ ।

| योजनाको नाम | ठेकेदारको नाम | सम्झौता रकम | सम्झौता मिति | शुरु सम्झौता अवधि | म्याद थप भएको अवधि | म्याद थप प्रतिशत | पुर्व निर्धारित क्षतिपुर्ति | निर्माण कार्यको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| सिटोल पिपल चौतारा देखि बिटोल खल्लाडा | आर डि ईन्जिनियरीङ सोलुसन | ५३९९६८९।९० | २०७८।८।९ | ७ महिना | १३ महिना | १८५ | ४०४९७६।५० | अधुरो अवस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बसपार्क जोड्ने साथै अन्य सडक कालोपत्रे | | | | | | | | |
| झुंगाटोल हुदै मेधाश्री कम्पनि जाने र अन्य सडक कालोपत्रे | आर डि ईन्जिनियरीङ सोलुसन | ५१८४९७२।०० | २०७८।८।९ | ७ महिना | १३ महिना | १८५ | ३८८८७२।५० | अधुरो अवस्था |
| माइली बजार देखि वडा कार्यालय जाने बाटो सडक कालोपत्रे | आर डि ईन्जिनियरीङ सोलुसन | ६६२७७१४।०० | २०७८।८।९ | ७ महिना | १३ महिना | १८५ | ४९७०७८।३० | अधुरो अवस्था |
| हर्दानी देखि जानकी गाउपालिका सम्म सडक कालोपत्रे | आर डि ईन्जिनियरीङ सोलुसन | ३१२४११०।०० | २०७८।८।९ | ७ महिना | १३ महिना | १८५ | २३४३०८।०० | अधुरो अवस्था |
| वडा न ८ का विभिन्न स्थानमा सडक कालोपत्रे | आर डि ईन्जिनियरीङ सोलुसन | ३९६४२९०।०० | २०७८।८।९ | ७ महिना | १३ महिना | १८५ | २९७३२२।१० | अधुरो अवस्था |
| वडा न ४ का विभिन्न स्थानमा सडक कालोपत्र् | आर डि ईन्जिनियरीङ सोलुसन | ७६४०८०१।०० | २०७८।७।२५ | ८ महिना | १४ महिना | १८५ | ५७३०६०।१० | अधुरो अवस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वडा न ५ का विभिन्न स्थानमा सडक कालोपत्रे | आर डि ईन्जिनियरीङ सोलुसन | ५४२४०८७।०० | २०७८।८।६ | ७ महिना | १३ महिना | १८५ | ४०६८०६।८० | अधुरो अवस्था |
| वडा न ६ का विभिन्न स्थानमा सडक कालोपत्रे | पियुष निर्माण सेवा | ८५८६४१८।०० | २०७८।७।२५ | १२ महिना | ११ महिना | १८० | ६४३९८२।०० | |
| वडा न ३ का विभिन्न स्थानमा बाटो कालोपत्रे | सुलभ सुस्मिता कन्स्ट्रक्सन | ६३२३६३०।०० | २०७८।७।१५ | १२ महिना | ९ महिना | ७५ | ४७४२७२।०० | |
| वडा न २ का विभिन्न स्थानमा कालोपत्रे | सुलभ सुस्मिता कन्स्ट्रक्सन | ६९८४६७३।०० | २०७८।७।१५ | १२ महिना | ९ महिना | ७५ | ५२३८५०।०० | |
| जम्मा | | | | | | | ४४४४५२८.३ | |
| | | | | | | असुल गर्नुपर्ने | ४४,४४,५२८.३ | |

८६ **शहरी विकास तथा शासकीय पुर्वाधार कार्यक्रम** - अन्तर्राष्ट्रिय सहयोग संघको ऋण सहयोगमा विशेष गरी श्रममूलक सार्वजनिक निर्माणको माध्यमबाट कोभिड १९ को संकटको छोटो र मध्यम अवधिको नकरात्मक प्रभाव न्यूनिकरण गर्न सहयोग र राहत प्रदान गर्ने उद्देश्यले संचालित यस कार्यक्रममा यो वर्ष यस पालिका अन्तर्गत कुल रू १२ करोड ६२ लाख ८४ हजार ६२५ बजेट विनियोजन भएकोमा विभिन्न १६० योजनाहरुमा रू १२ करोड ८ लाख ८५ हजार ३९९ खर्च भएको छ । कार्यक्रम संचालन निर्देशिकाले कूल बजेट खर्चको न्यूनतम ५० प्रतिशत ज्यालामा खर्च गर्नु पर्ने व्यवस्था भएकोमा ज्याला र निर्माण सामाग्रीमा भएको कूल खर्चको विवरण अद्यावधिक नभएकोले एकिन गर्न सकिएन । त्यसै गरी यस कार्यक्रमबाट यो वर्ष ३७५२ जना लाभान्वित भएको देखिएता पनि कोभिड १९ प्रभावित के कति लाभग्राही समेटिए सोको तथ्याङ्क समेत अभिलेखिकरण गरेको अवस्था देखिएन । अत प्रत्येक योजनागत ज्याला खर्च, लाभग्राही संख्या, निर्माण उपकरण वापतको खर्च, उपयोजना व्यवस्थापन खर्च लगायत सबै विवरण देखिने गरी विवरण अद्यावधिक गर्नु पर्दछ । जस्को आधारमा कार्यक्रमको मूल उद्देश्य कोभिड १९ को नकरात्मक

प्रभाव न्यूनिकरण गर्न सहयोग तथा राहत पुर्याउने कार्यमा प्रभावकारीताको सम्बन्धमा कुनै मुल्याङ्कन गर्न सकिएन । त्यसै गरी योजनालाई विपद प्रभावित व्यक्तिको जीवन स्तर उकास्ने, दिगो रोजगार तथा स्वरोजगारमूलक कार्यक्रममा केन्द्रित गरी पुँजिनिर्माणमा योगदान पुग्ने गरी संचालन हुनु पर्दछ ।

८७ **गुणस्तर सुनिश्चितता** - Standard Specification of Road and Bridge works, २०७३ को बुदा नं ५१० को टेवुल न ५.२ मा सडक तथा पुल सम्बद्द निर्माण कार्यको न्यूनतम परीक्षण संख्या तोकिएको छ । यसै मापदण्डले निर्माण कार्यको भुक्तानी गर्दा फ्रिक्वीन्सी अनुसारको परीक्षण पुरा भएको हुनु पर्ने व्यवस्था उल्लेख छ । जस अनुसार निर्माण कार्यको परिमाणको आधारमा ल्याव तथा अन्य परीक्षण गरी गुणस्तर सुनिश्चित गरेर मात्र निर्माण कार्यको भुक्तानी गर्नुपर्ने हुन्छ । पालिकाले ठेक्का बन्दोबस्त भई वडा नं. ३ का विभिन्न स्थानमा सडक कालोपत्रे गर्ने कार्यको लागि २०७८ कार्तिक १५ मा सुलभ सुस्मिता कन्स्ट्रक्सन नामक निर्माण व्यवसायी संग निर्माण सम्झौता भई निर्माण कार्य भैरहेको अवस्थामा रातोपाटी नामक अनलाईन पत्रिकाको मिति २०८० पौष १३ मा उक्त निर्माण व्यवसायीबाट भएको यस ठेक्काको निर्माण कार्य अन्तर्गतको कालोपत्रे गुणस्तरहिन भएको समचार प्रकाशन भएको अवस्थाले उक्त कार्य उल्लिखित मापदण्डमा आधारित भएको सुनिश्चित हुन सक्ने आधार पुष्टि भएन । रू. ६३२३६३०।० (मु अ कर सहित) मा सम्झौता भएको यस कार्यमा २०८० असार मसान्त सम्म रू २८२९३३०।०० भुक्तानी भएको देखियो । अत सडक विभागले तोकेको उल्लिखित मापदण्ड अनुसार परिक्षण गरी गुणस्तर सुनिश्चत गरेर मात्र भुक्तानी दिएको हुनु पर्ने र बाकी भुक्तानी गर्दा आवश्यक गुणस्तर सुनिश्चित भएको पुष्टि हुनु पर्दछ ।

८८ **न्यून प्रगति** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ सार्वजनिक निकाय संग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र सोही दफाको उपदफा ८ मा त्यसरी अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत हुने र सम्झौता बमोजिमको बाँकी काम गर्न आवश्यक रकम समेत सम्बन्धित सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नु पर्ने व्यवस्था छ । पालिकासंग सम्झौता गरेका निम्नानुसार निर्माण व्यवसायीले शुरु सम्झौता अवधिको कारिव १८५ प्रतिशत भन्दा बढि समयावधि व्यतीत भैसक्दा समेत भौतिक तथा वित्तीय प्रगति ५० प्रतिशत भन्दा न्यून रहेको देखिएकोले ऐनमा भएको व्यवस्था अनुरुप सम्झौता बमोजिमको कार्य प्रगति गरेको पुष्टि हुदैन । यस सम्बन्धमा पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

| योजनाको नाम | ठेकेदारको नाम | सम्झौता रकम | हाल सम्मको भुक्तानी | वित्तीय प्रगति | सम्झौता मिति | शुरु सम्झौता अवधि | म्याद थप भएको अवधि | म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| सिटोल पिपल चौतारा देखि बिटोल खल्लाडा बसपार्क जोड्ने | आर डि ईन्जिनियरीङ सोलुसन | ५३९९६८९.९ | २७२५९६९. | ५०.४८% | २०७८.८.९ | ७ महिना | १३ महिना | १८५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| साथै अन्य सडक कालोपत्रे | | | | | | | | |
| झुंगाटोल हुदै मेधाश्री कम्पनि जाने र अन्य सडक कालोपत्रे | आर डि ईन्जिनियरीङ सोलुसन | ५१८४९७२. | २७८१५९८. | ५३.६५% | २०७८.८.९ | ७ महिना | १३ महिना | १८५ |
| माइली बजार देखि वडा कार्यालय जाने बाटो सडक कालोपत्रे | आर डि ईन्जिनियरीङ सोलुसन | ६६२७७१४. | २१२५४९७. | ३२.०७% | २०७८.८.९ | ७ महिना | १३ महिना | १८५ |
| वडा न ४ का विभिन्न स्थानमा सडक कालोपत्् | आर डि ईन्जिनियरीङ सोलुसन | ७६४०८०१. | ३९९२७२५. | ५२.२६% | २०७८.७.२५ | ८ महिना | १४ महिना | १८५ |
| वडा न ५ का विभिन्न स्थानमा सडक कालोपत्रे | आर डि ईन्जिनियरीङ सोलुसन | ५४२४०८७. | २००६३७५. | ३६.९९% | २०७८.८.६ | ७ महिना | १३ महिना | १८५ |
| वडा न ३ का विभिन्न स्थानमा बाटो कालोपत्रे | सुलभ सुस्मिता कन्स्ट्रक्सन | ६३२३६३०. | २८२९३३०. | ४४.७४% | २०७८.७.१५ | १२ महिना | ९ महिना | ७५ |
| वडा न २ का विभिन्न स्थानमा कालोपत्रे | सुलभ सुस्मिता कन्स्ट्रक्सन | ६९८४६७३. | २८१५८४६. | ४०.३१% | २०७८.७.१५ | १२ महिना | ९ महिना | ७५ |

८९ **बोलपत्रको मुल्याङ्कन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल

अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदाता सँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नु पर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ५५ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ । लागत अनुमानको ४५ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन । साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो । लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

| क्रस | ठेक्कान म्बर | योजनाकोनाम | निर्माणव्यवसायीको नाम | लागतअनुमान मु अ कर बाहेक | सम्झौता अङ्क मु अ कर बाहेक | लागतअनुमान भन्दा घटि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०६/LCM/२०७८/०७९ | Ward no.१ ka Bibhinna sthanma Road Black Top Works | Sulav & Susmita Construction Pvt. Ltd | १३९३५२००.९७ | ७२२१३४९ | ४८% | अधुरो |
| २ | ०७/LCM/२०७८/०७९ | C Tol Pipal Chautara Dekhi B Tol Khalla Ra Buspark Jodne Sathai Anya Road Black Top Works | R.D. Engineering Solution | १०१५६५५४.८८ | ४७७८४८७ | ५३% | अधुरो |
| ३ | ०८/LCM/२०७८/०७९ | Jhunga Tol Hudai Meghashree Company Jane Ra Anya Road Black Top Works | R.D. Engineering Solution | ९३७२६०८.३४५ | ४५८८४७१ | ५१% | अधुरो |
| ४ | ०६/LCM/२०७८/०७९ | Name:Ward no.१ ka Bibhinna sthanma Road Black Top Works | Sulav & Susmita Construction Pvt. Ltd | १३९३५२००.९७ | ७२२१३४९ | ४८% | अधुरो |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ०७/LC M/२०७ ८/०७९ | C Tol Pipal Chautara Dekhi B Tol Khalla Ra Buspark Jodne Sathai Anya Road Black Top Works | R.D. Engineering Solution | १०१५६५ ५४.८८ | ४७७८४ ८७ | ५३% | अधुरो |
| ६ | ०८/LC M/२०७ ८/०७९ | Jhunga Tol Hudai Meghashree Company Jane Ra Anya Road Black Top Works | R.D. Engineering Solution | ९३७२६० ८.३४५ | ४५८८४ ७१ | ५१% | अधुरो |
| ७ | १३/LC M/२०७ ८/०७९ | Ward no.४ Ko Bibhinna Sthanma Road Black Top Works | D.B.B.S. Builders and Suppliers Pvt. Ltd. | १५४५२२ २६ | ७४३६७ ६६ | ५२% | अधुरो |
| ८ | १४/LC M/२०७ ८/०७९ | Ward no.४ Ko Banki Road Black Top Works | R.D. Engineering Solution | १४७२६८ ३७.०९ | ६७६१७ ७१ | ५४% | अधुरो |
| ९ | १५/LC M/२०७ ८/०७९ | Ward no.५ Ka Bibhinna Sthanma Road Black Top Works | R.D. Engineering Solution | १०५६८६ ८०.४ | ४८००० ७७ | ५५% | अधुरो |
| १० | १६/LC M/२०७ ८/०७९ | Ward no.६ Ka Bibhinna Sthanma Road Black Top Works | Piyush Nirman Sewa | १६२९४९ ३३.३४ | ७६७३८ २१ | ५३% | अधुरो |
| ११ | १७/LC M/२०७ ८/०७९ | Ward no.७ Ka Bibhinna Sthanma Road Black Top Works | Tedi Nirman sewa Pvt Ltd | १५५०६७ ८०.०२ | ७३४६२ ५९ | ५३% | अधुरो |
| १२ | १८/LC M/२०७ ८/०७९ | Hardani dekhi Janaki Gaunpalika ko Simana Samma Road Black Top Works | R.D. Engineering Solution | ६४७८५६ ६.९३८ | २७६४७ ०० | ५७% | अधुरो |
| १३ | १९/LC M/२०७ ८/०७९ | Khetgaun Malbhanga Dammariya Khanepani Road Black Top Works | Bajranga Nirman Sewa | १६९४३६ ८४.०४ | ७६७४७ ८४ | ५५% | अधुरो |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | २०/LCM/२०७८/०७९ | Ward no.८ ka Bibhinna Sthanama Road Black Top Works | R.D. Engineering Solution | ७७३६४३८.३९८ | ३५०८२२१ | ५५% | अधुरो |

९० **खरिदमा न्यून प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन २०६३ को प्रस्तवनामा खरिदलाई खुला र प्रतिस्पर्धी बनाउने उद्देश्य लिएको छ ।त्यसै गरी ऐनको दफा २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही नहुने व्यवस्था छ । त्यसैगरी ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने व्यवसथा छ । यो वर्ष पालिकाबाट भएमा खरिदका ठेक्का प्रक्रियाको परीक्षण गर्दा ईविडिङ् मार्फत नै बोलपत्र आह्वान भएको देखिएकोमा न्यून प्रतिस्पर्धा भई ठेक्का बन्दोबस्त हुने गरेको देखियो ।लागत अनुमान भन्दा नगण्य प्रतिशत घटि रकममा सम्झौता भएको अवस्था निम्नानुसार देखिन्छ । खरिद प्रक्रियामा वोलपत्रदाताहरु बीच मिलोमतो भएको अवस्थामा खरिदमा प्रतिस्पर्धा सीमित हुन गई सार्वजनिक निकाय खुला प्रतिस्पर्धाको लाभबाट बन्चित हुने अवस्थालाई मध्य नजर गरी मिलोमतोको सम्भावना देखिएको ठेक्का प्रक्रिया समयमै रद्द गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन पालिकाको ध्यान जानु पर्दछ ।

| क स | कामकोविवरण | निर्माणव्यवसायीको नाम र ठेगाना | ठेक्काकोप्रकार | लागतअनुमान रकम | सम्झौतारकम | लागतअनुमानमा घटेको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सुर्तैया चोक देखि देवेन्द्र सोडारीको घर सम्म ५०० मि सडक ढलान | भागिरथी जेनिथ कन्स्ट्रक्सन | बोलपत्र | ३३३४२८३।०० | ३३३३३३३।०० | ०.०३% |

९१ **सम्झौता नगर्ने वोलपत्रदाता** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ मा छनौट भएको बोलपत्रदाता सम्झौताको लागि सम्पर्कमा नआएमा एक वर्ष देखि ३ वर्ष सम्म कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष नदि जन्य पदार्थ उत्खनन कार्यको लागि बोलपत्र पेश गर्ने दातारी कन्स्ट्रक्सन सम्झौता गर्न सम्पर्कमा नआएको अवस्थामा निजको बैङ्क जमानत वापतको रकम जफत गरिएको तर कालोसूचीमा राख्न लेखि पठाएको देखिएन । बैङ्क जमानत भन्दा बढि रकम लाभ हुने अवस्थामा सम्झौता गर्न नआउने भएको अवस्थालाई मध्येनजर गरी ऐनमा भएको व्यवस्थाको पालना गरी कालोसूचीमा राख्न लेखि पठाउनु पर्दछ ।

९२ **१५ सैयाको अस्पताल निर्माण** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था छ । त्यसैगरी यसै नियममा पुर्व निर्धारित क्षतिपुर्ति तिर्नुपर्ने अधिकतम समय अवधि भित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्ने व्यवस्था छ । एकिकृत स्वास्थ्य पूर्वाधार (आधारभूत

१५ शैया) अस्पताल भवन निर्माण कार्यको लागि मिति २०७८ असार २२ गते केएस शनिदेव निर्माण सेवा र यस पालिका विच २४ महिनाको अवधि कायम गरी सम्झौता भएको छ । जस अनुसार २०८० असार २२ सम्म निर्माण सम्पन्न गर्नु पर्ने देखिन्छ । पालिकाले पेश गरेको विवरण अनुसार कूल सम्झौता मूल्य रू १४८५४२९३७।००(मु अ कर सहित) मध्ये सम्झौताको अन्तिम म्याद २०८०।३।२२ सम्म रू २४८६४२२२।००(मुल्य समायोजन बाहेक) भुक्तानी भएकोछ । जस अनुसार १७ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखियो । पुरै सम्झौता अवधि व्यतित हुदा सम्म १७ प्रतिशत वित्तीय प्रगति मनासिव देखिदैन। साथै लेखापरीक्षण अवधि सम्म सम्झौताको म्याद थप भएको देखिदैन । नियमावलीको नियम १२१ मा सम्झौता बमोजिमको अवधिमा कार्य सम्पन्न हुन नसकेमा १० प्रतिशत सम्म क्षतिपुर्ति असुल गरिने समेतको व्यावस्था छ । अत सम्झौताको पालना गरी नियमावलीको नियम १२० वा १२१ वा १२७ को कार्यान्वयन गरी निर्माण कार्य व्यवस्थापन गर्नु पर्दछ। त्यसै गरी नियमावलीको नियम १२१ बमोजिम २०८० असार ३१ देखि लेखापरीक्षण अवधि २०८० पौष मसान्त सम्म१८० दिनको दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति रू १३३६८८६४।०० असुल गरी नियमावलीमा भएको प्रक्रीया पुरा गरी सम्झौता कार्यान्वयन गर्नु पर्दछ ।

| असुल गर्नुपर्ने | १,३३,६८,८६४ |
|---|---|

९३ **मूल्य समायोजन वापतको बढि भुक्तानी** - १५ सैयाको अस्पताल निर्माण ठेक्का कार्यको लागि कार्यालय र निर्माण व्यवसायी एसके शनिदेव जेभी विच भएको सम्झौतामा मूल्य समायोजनको बेस ईन्डेक्स लिदा वोलपत्र पेश गर्ने अन्तिम मिति भन्दा ३० दिन अगाडीको नेपाल राष्ट्र बैङ्कको सम्बन्धित ईन्डेक्स लिइने व्यवस्था उल्लेख छ । यो ठेक्काको वोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति २०७८।१।३१ भन्दा १ महिना अघिको ईन्डेक्स लिदा २०७७।१२।३१ को आधार ईन्डेक्स र तेस्रो रनिङ् विल पेश भएको मिति २ जुलाई २०२३ भन्दा १ महिना अगाडि अर्थात २ जुन २०२३ लाई करेण्ट ईन्डेक्सको रुपमा लिदा निम्नानुसार रू १६१२९११।०० भुक्तानी हुनु पर्ने देखिएकोमा पालिकाले रू १७५९८९९।०० भुक्तानी भएको अवस्थामा रू १४६९८८।०० बढि भुक्तानी भएको देखियो । अत बढि भुक्तानी भएको मु अ कर सहित असुल हुनु पर्ने रू

| Base Index date | | २०७७।१२।३१ | | | | |
|---|---|---|---|---|---|---|
| | ठेक्का विल | Date of Submission of IPC | विल रकम मुअकर बाहेक | पेश्कि फछ्यौंट | मुल्य समायोजन फ्याक्टर | मुल्य समायोजन रकम |
| | ३ | २nd Jul २०२३ | ७०८७७९४.५५ | | ०.२२७५६२ | १६१२९११.०० |
| | | **Total** | | | | |
| | | Index factor | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| For Base Index | L० | ५१४.५३ | | | | |
| | M० | १०९.२८ | | | | |
| | E० | ११३.५१ | | Proposed Factor | Calculated | Calculated PA amt for IPC ३ |
| Index for २nd Jun २०२३ | | लिनु पर्ने Index | लिइएको Index | ०.१५ | | |
| ३rd bill | L१ | ५८७.१२ | ५८२.०८ | ०.१३ | | |
| | M१ | १४१.६ | १४५.०९ | ०.६९ | | |
| | E१ | १३३.० | १३३.०३ | ०.०३ | १.२२७५६१७९ | १६१२९११.०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,१२,९११ |

९४ **काठ विक्रिमा मु अ कर** - मूल्य अभिवृद्दि कर ऐन २०५२ को दफा १२(क)२ मा निजी आवादी, निजी वन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनको लागि विक्रि गरेमा रोयल्टी नलाग्ने भए पनि राष्ट्रिय वनको काठ सरह मु अ कर लाग्ने व्यवस्था छ । पालिकाले यो वर्ष लम्कीचुहा क्याम्पस भवन निर्माणको लागि रू २६७००००।०० भुक्तानी भएका स्रेस्ता परीक्षण गर्दा गणेस बहादुर ठाकुरबाट रू ८०००००।०० को काठ खरिद गरेको देखियो । अत उल्लिखित अवस्थामा ऐनको व्यवस्था अनुसार निज काठ विक्रेताले विक्रि रकममा १३ प्रतिशतले हुने मु अ कर समेत असुल गर्नु पर्ने देखिएकोले मु अ कर वापत रकम सम्बन्धित काठ विक्रेताबाट असुल गरी वेदर्तावाल मु अ कर शिर्षकमा दाखिला हुनु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,०३५ |

९५ **अनुगमन** - सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि २०७९ को बुदा न १२ माअनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नु पर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा

पठाइने प्रणालीको विकास गरेको छैन । त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्दि गराउनु पर्दछ ।

| क स | स्रोत | संचालित योजनाहरु | बजेट खर्च |
|---|---|---|---|
| १ | प्रदेस समपुरक अनुदान | लम्किचुवा १ बजारक्षेत्र आसपास ३ किमि सडक कालोपत्रे | ४४९७९९१।०० |
| २ | प्रदेश विशेष अनुदान | नभएको | |
| ३ | संघीय समपुरक अनुदान | लम्किचुवा १ देखि वन डिभिजन कार्यालय थपालीपुर सम्म २.५ किमि कालोत्रे | ५०५८८६६।०० |
| ४ | संघीय बिशेष अनुदान | नेपाल राष्ट्रिय कर्णाली मा वि भवन निर्माण | ४६५६५५९।०० |
| | | कालिका मा वि भवन निर्माण | ३५२३२५४।०० |
| | | नवदुर्गा मा वि भवन निर्माण | ० |
| | | लक्ष्मी आ वि भवन निर्माण | ५०७७२८५।०० |
| | | सम्भु सुनन्दा आ वि भवन निर्माण | ४३८७७९२।०० |

९६ **माटो खपतमा रोयल्टी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटि वालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । सुदूर पश्चिम प्रदेश आर्थिक ऐन २०७९ को अनुसूची ८ मा प्रति घन फिट माटो रू २।५० निर्धारण गरिएको अवस्थाले प्रति घन मिटर रू ८८।२२ हुन जान्छ । पालिका अन्तर्गत चार अलग अलग स्थानमा चिम्नीवाला ईटा भट्टि संचालनमा आएको देखिएकोमा उक्त उद्योगहरुले ईटा बनाउन खपत गरेको माटोको कुनै कर तिरेको देखिदैन । उक्त ईटा उद्योगहरुले वार्षिक प्रति चिम्नी १० लाख ईटा मात्र उत्पादन भएको अवस्थामा समेत १७८५ घन मिटर माटो उपयोग हुने अवस्था देखिन्छ । सो आधारमा चार उद्योगले कम्तिमा ७१४३ घन मिटर माटो हुने अवस्था देखिन्छ । जसबाट न्यूनतम रू ६३०१४२।०० कर संकलन हुनु पर्ने देखिन्छ । अत पालिकाले उल्लिखित उद्योगहरुको अनुगमन गरी वार्षिक माटोको खपतमा न्यूनतम प्रदेशले तोकेको दरमा कर संकलन हुनु पर्दछ।

९७ **दुविधायुक्त कानुनी व्यवस्था** - सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र

संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । स्थानीय तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटि वालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष ढुंगा गिटी वालुवा वापत रू २ करोड २० लाख ३२ हजार ९३० संकलन गरेकोमा स्थानीय सरकार संचालन ऐनको व्यवस्थालाई आधार लिई कुनै पनि रकम प्रदेश संचित कोषमा पठाएको देखिएन । कानुनी व्यवस्थाहरु एक आपसमा बाझिने गरी बनाएको अवस्थाले प्रदेश आर्थिक ऐन कार्यान्वयन हुन सकेको देखिएन । कानूनी व्यवस्थामा आवश्यक सुधार ल्याउनु पर्दछ ।

९८ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञपन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ । सुदूरश्चिम प्रदेश आर्थिक ऐन २०७९ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ । सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन । पालिकाको आर्थिक ऐन २०७९ मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन । त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ ।

९९ **प्रमाण नपुगेका निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (ख)मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरि वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्य गर्दा नापी कितावमा उल्लेखित कार्य परिमाण लाई नर्मस अनुसार आवश्यक पर्ने सिमेन्टको परिमाण भन्दा खरिदको विल भरपाईको परिमाण घटी पेश भएको देखिएकोले आवश्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु .

| भौ न मिति | योजनाकोनाम | कामकोविवरण | निर्मित संरचना परिमाण | आवश्यक निर्माण सामाग्री परिमाण | पेशभएको विलअनुसारपरिमाण | प्रतिब्याग दर विष्लेषणमा लागत | बढिभुक्तानीरकम |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३१।२।१७ | हरैयापुर गाँउमा नाला नि उ स | PCC १:३:६ | ३५.६१ Cum | १५६.६८ bag cement | २६० cement bag | ९६०.०० | २१६२२०.०० |
| | | Stone Masonry १:६ | १५४.९८ Cum | ३२८.५५ bag cement | | | |
| १०३।१२।९ | बघौरा चौक देखि कान्छिबजार सम्म नाली नि उ स | PCC १:३:६ | २३.४१ Cum | १०३ cements bag | २२२ cements bag | ९६०.०० | ४०४६०.०० |
| | | Stone Masonry १:६ | ७६.०३ Cum | १६१ cement bag | | | |
| जम्मा | | | | | | | २५६६८०.० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५६,६८० |

१०० **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ । यो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरुको सम्भावित प्याकेज बनाउनुपर्नेमा पालिकाको स्रोत तर्फको पुँजिगत बजेट बाट सोझै खरिद गरेको अवस्था छ । सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु अ कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन। सम्भावित प्याकेज नबनाई खरिद भएको कार्य नियमित हुनुपर्दछ।

| क्र स | आपुर्तिकर्ता व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|
| १ | आस्था बिजनेस ग्रुप | नगरपालिका भवन अगाडी ट्रस निर्माण | ९८६६८७ |

| | | | |
|---|---|---|---|
| २ | आविष्कार आल्मोनीयम उद्योग | पालिका भवनमा पार्टेशनको काम | ९८८३११ |
| ३ | हरिकृष्ण होम डेकोरेशन | पालिका भवनमा पार्टेशनको काम | ९८९५२८ |
| ४ | विडि एण्ड सप्लार्यस | लम्कीचुवा अस्पतालको पार्टेशनको काम | ९६८२६१ |
| ५ | एन सि सोलुसन प्रा लि | फार्मेसी अस्पताल पार्टेशको काम | ९०३१११ |
| ६ | टिटिएम ट्रेड एण्ड सप्लायर्स | पालिका भवनमा पार्टेशनको काम | ८७१६३२ |
| ७ | राम जानकी फर्निचर सप्लायर्स | पालिकाको विभिन्न स्थानमा पार्टेशनको काम | ९६५०२० |
| | **जम्मा** | | **६६७२५५०** |
| १ | सिद्दार्थ कम्प्युटर एण्ड सप्लायर्स | ल्यापटप खरिद | ३८४९२५ |
| २ | टिएम सेवा | न पाको गेट देखि भवन सम्म ईन्टरलकिङ् बिछ्याएको | ९९००५६ |
| ३ | लक्कि होम एप्लायन्स | प्रिन्टर र स्क्यानर खरिद | ९६०००० |
| ४ | जि फाइभ ट्रेड एण्ड सप्लायर्स | सौर्य बत्ति आपुर्ति र जडान | ९१८९९४ |
| ५ | शिवम सर्जिमेड सप्लार्यस | भ्याक्सीन रेफ्रिजेरेटर | ३९७९५० |
| | **जम्मा** | | **३६५१९२५** |
| **कुल जम्मा** | | | **१०३२४४७५** |

| | |
|---|---|
| अनियमित भएको | ६६,७२,५५० |

१०१ **बढि भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल विजकको भुक्तानी वास्तविक कार्य सम्पादनको आधारमा हुनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष नव जीवन मा वि भवन निर्माण को पेश्कि रू.१८ लाख फछ्र्यौट गरेकोमा स्रेस्ता परीक्षण गर्दा रू.१७९१२९०।०० को ठेक्काको प्राविधिक मूल्याङ्कन गरेको वील सिफारिस भएकोले बढि प्राविधिक मूल्याङ्कन वा निर्माण व्यासायीको रनिङ वील भन्दा बढि भएको भुक्तानी सम्बन्धित व्यक्तिबाट असुल हुनु पर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७१० |

१०२ **बिमा नगराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाबाट यो वर्ष पालिका भित्र हाइमास्ट लाईट जडान गर्ने कार्य गरी रू ३६ करोड ९५ लाख ८१२ मा भुक्तानी गरेकोमा तोकिए बमोजिम निर्माण कार्यको बीमा गराएको देखिएन । निर्माण तथा जडान कार्य संचालन भए पश्चात उक्त निर्माण कार्यमा आई पर्ने सम्भावित क्षति तथा सम्बद्द कामदारहरुको दुर्घटनामा पर्ने असरलाई न्यूनिकरण गर्ने उद्देश्यले ऐन नियमावलीमा भएको यस व्यवस्थालाई पालिकाले पालना गरेको देखिएन। अत नियमानुसार बीमा गराई जोखिम व्यवस्थापन गर्न लगाउन पालिकाको ध्यान जानु पर्दछ।

१०३ **विल विजक पेश गर्नुपर्ने** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल विजकको भुक्तानी वास्तविक कार्य सम्पादनको आधारमा हुनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार व्यवसायी मार्फत निम्नानुसार कार्य गराउदा प्रोभिजनल समको रुपमा ल्याव टेस्ट वापत रकम भुक्तानी भएकोमा ल्याव टेस्ट गर्ने ल्यावको विजक पेश भएको देखिएन। सम्बन्धित ल्यावको विजक पेश गरी खर्च पुष्टि गर्नु पर्दछ।

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | ल्याव टेस्ट वापत भुक्तानी रकम |
|---|---|---|
| सम्भु सुनन्दा आ वि भवन निर्माण कार्य निर्माण | सुवर्ण निर्माण सेवा | २००००।०० |
| कालिका मा वि भवन निर्माण कार्य | नवयुग कन्स्ट्रक्सन प्रा लि | ३००००।०० |
| जम्मा | | ५००००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

१०४ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा विभागीय नर्मस र स्वीकृत दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले पालिका अन्तर्गतको निर्माण कार्यहरुको प्रति ईकाइ दर प्रमाणित गरि सबै स्थानमा सोही दर प्रयोग गर्ने गरी स्वीकृत गरेको देखियो । यो वर्ष पालिका अन्तर्गत भएका निम्नानुसार कार्यमा उल्लिखित निर्धारित दर भन्दा बढि दरमा भुक्तानी भएको देखिएकोले एकिन गरि असुल हुनु पर्दछ ।

| भौन मिति | योजनाकोनाम | निर्माणकार्य | परिमाण | भुक्तानीदर | स्वीकृतदर | बढिभुक्तानी |
|---|---|---|---|---|---|---|
| ७१।१०।२४ | तुल बहादुर रानाको घर देखि माइला भझेलाको घर सम्म पक्की नालानिर्माण | Stone Masonry १:६ | ७८.४८ | ७८६३.६८ | ७४१७.४ | ३५०२४.०५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७४।१० ।२९ | गोकर्ण भण्डारीको घर देखि उत्तर भण्डारीको घर सम्म पक्की नालानिर्माण | Stone Masonry १:७ | ७८.४८ | ७८६३.६८ | ७४१७.४ | ३५०२४.०५ |
| ७५।११ ।२ | सुनिल स्वारको घर देखि प्रकाश भण्डारीको घर सम्म पक्की नालानिर्माण | Stone Masonry १:८ | ७३.०८ | ७८६३.६८ | ७४१७.४ | ३२६१४.१४ |
| ७८।११ ।४ | कालिका आधारभूत प्रा वि नजिकै पक्की नाला निर्माण | Stone Masonry १:९ | ७२.७६ | ७८६३.६८ | ७४१७.४ | ३२४७१.३३ |
| जम्मा | | | | | | १३५१३३.६ |
| | | | | | असुल गर्नुपर्ने | १,३५,१३३.५७ |

१०५ **बढि भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल विजकको भुक्तानी वास्तविक कार्य सम्पादनको आधारमा हुनु पर्ने व्यवस्था छ । पालिकाले शहरी विकास तथा शासकीय पूर्वाधार विकास योजना अन्तर्गतको सम्भु सुनन्दा आ वि घेरवार तथा मर्मत निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गराउदा निम्नानुसार रू २९८२६२६।०० को प्राविधिक मूल्याङ्कन भएकोमा रू ३०३४२५२।०० भुक्तानी भएको अवस्थाले रू ५१६२६।०० बढि भुक्तानी भएको देखियो । अत बढि भुक्तानी हुन गएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्दछ ।

| विवरण | रकम | गो भौ न | भुक्तानी रकम |
|---|---|---|---|
| मेटेरियल | १९५९४४१।०० | ५९।६।२ | ८७१६९६।०० |
| अदक्ष श्रमिक ज्याला | ६१३७३१।०० | ३८।६।२ | १७२४५५६।०० |
| दक्ष श्रमिक ज्याला | ४०९४५२।०० | ३।६।२ | ४३८०००।०० |
| **जम्मा प्राविधिक मूल्याङ्कन** | २९८२६२६।०० | **जम्मा** | ३०३४२५२।०० |
| | | असुल गर्नुपर्ने | ५१,६२६ |

१०६ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१०७ **ग्राहक पहिचान विवरण (के वाइ सी) अद्यावधिक नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

१०८ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

१०९ **मालसमान तथा उपकरण खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्नेव्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन। मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनु पर्दछ।

| क स | आपुर्तिकर्ता | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|
| १ | सिद्दार्थ कम्प्युटर एण्ड सप्लायर्स | ल्यापटप खरिद | ३८४९२५.०० |
| २ | लक्कि होम एप्लायन्स | प्रिन्टर र स्क्यानर खरिद | ९६००००.०० |
| ३ | केटिएम कम्प ट्रेड एण्ड प्लस | ईन्भर्टर खरिद | २३२२१५.०० |
| ४ | के टि एम ट्रेड एण्ड पल्स | ल्यापटप तथा कम्प्युटरजन्य सामाग्री | १०००००.०० |
| ५ | जि फाइभ ट्रेड एण्ड सप्लायर्स | सौर्य बत्ति आपुर्ति र जडान | ९१८९९४.०० |
| ६ | शिवम सर्जिमेड सप्लार्यस | भ्यक्सीन रेफ्रिजेरेटर | ३९७९५०.०० |

| | | | |
|---|---|---|---|
| ७ | जि फाइब ट्रेड एण्ड सप्लायर्स | हाई मास्ट लाईट सप्लाई डेलिभरी एण्ड जडान | ३६९५८१२.०० |

११० **मु अ कर कट्टि** - मुल्य अभिवृद्दि कर नियमावली, २०५३ को नियम ६ग मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मु अ कर रकमको ३० प्रतिशत कट्टि गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत मु अ कर कट्टि गरि दाखिला गरेको नदेखिएकोले मु अ कर समायोजन पत्र पेश गर्नु पर्ने रू.

| भौ.नं. तथा मिति | मु अ कर भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको मु अ कर रकम | ३० प्रतिशत मू. अ.कर |
|---|---|---|---|---|
| २३३।२।१८ | नेपाल कमर्शियल | निर्माण सामाग्री तथा उपकरण खरिद | ६६०४४ | १९८१३ |
| २३४।२।१९ | नेपाल फायर एण्ड सेफ्टी सोलुसन | निर्माण सामाग्री तथा उपकरण खरिद | २४३१० | ७२९३ |
| ९३।११।२५ | पन्चपुरी हार्डवेयर एण्ड सेल्स पोइण्ट | निर्माण सामाग्री तथा उपकरण खरिद | १०९४०९.३ | ३२८२२ |
| ९४।११।२५ | पन्चपुरी हार्डवेयर एण्ड सेल्स पोइण्ट | निर्माण सामाग्री तथा उपकरण खरिद | १०८६८० | ३२६०४ |
| | नेपालय कमर्शियल | निर्माण सामाग्री तथा उपकरण खरिद | ६६०४४ | १९८१३ |
| | नेपाल फयर एण्ड सेफ्टि सोलुसन प्रा लि | निर्माण सामाग्री तथा उपकरण खरिद | २४३१९ | ७२९५ |
| | बिपि ट्रेड एण्ड हार्डवेयर सप्लायर्स | निर्माण सामाग्री तथा उपकरण खरिद | १३७६४ | ४१२९ |
| | बिपि ट्रेड एण्ड हार्डवेयर सप्लायर्स | निर्माण सामाग्री तथा उपकरण खरिद | ६८११३ | २०४३३ |

| | | | | |
|---|---|---|---|---|
| | एलवि बिजनेस ग्रुप | निर्माण सामाग्री तथा उपकरण खरिद | ११३८०० | ३४१४० |
| | नेपालय कमर्शियल प्रा लि | निर्माण सामाग्री तथा उपकरण खरिद | २४७९९ | ७४३९ |
| १२३।११।२८ | श्रीपुर ह्युम पाइप ईण्डस्ट्रीज प्रा लि | ह्युम पाईप | २४८५१ | ७४५५ |
| १५२।१२।१३ | चक्रेश्वरी ह्युम पाइप उद्योग | | ५०७७४ | १५२३२ |
| २३४।३।१४ | भागेश्वरी ह्युम पाइप ईण्डस्ट्रिज | | ४५०८३ | १३५२४ |
| २३६।३।१४ | मैच्याङ्क कन्स्ट्रक्सन | ह्युम पाइप खरिद | २९६८० | ८९०४ |
| २८२।३।२४ | लम्की होम अप्लायन्स | प्रिन्टर्स तथा स्क्यानर खरिद | ११०४४२ | ३३१३२ |
| २८५।३।२४ | केटिएम कम्प ट्रेड एण्ड प्लस | ईन्भर्टर खरिद | २६७१५ | ८०१४ |
| २८६।३।२४ | बि एण्ड बि ट्रेड एण्ड सप्लायर्स | बस्पार्क ट्रस निर्माण | ६३२५० | १८९७५ |
| २८७।३।२४ | नेपाल ईन्फ्रास्ट्रक्चर डेभलोप्मेण्ट ईन्डस्ट्रीज | बसपार्कमा प्रतिक्षालय निर्माण | ८३३१८ | २४९९५ |
| २८८।३।२४ | टिएम थापा निर्माण सेवा | पालिका ग्राउण्डमा मर्मत कार्य | ४४७१३ | १३४१३ |
| १५३।१२।१३ | टि एम निर्माण सेवा प्रा लि | ब्याडमिन्टन कोर्ट निर्माण | ४९४८२ | १४८४४ |
| १५९।१२।२ | सिद्दार्थ कम्प्युटर एण्ड सप्लायर्स | ल्यापटप खरिद | ४४२८३ | १३२८४ |

| | | | | |
|---|---|---|---|---|
| २०७१।२।१८ | सदूरपश्चिम सामुदायिक विकास मञ्च | झोलुङ्गे पुल निर्माणमा प्राविधिक सहयोग | ५३८२५ | १६१४७ |
| १(२०८०।०३।२०) | के. एस शनिदेव जे.भि. | १५ शैयाको अस्पताल भवन निर्माण | १२१८०८१ | १८९००१ (१७६४२३ कट्टी गरिएको) |
| जम्मा | | | १२४५६९८ | ५६२७०१ |
| | | | प्रमाण पेश नगरेको | ५,६२,७०१ |

१११ **आइसिटी ल्याव स्थापना** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरि स्थापना गरिने कम्प्युटर तथा सूचना प्रविधि जन्य उपकरणहरु तोकिएको स्टयाण्डर्ड र स्पेसिफिकेशन बमोजिम हुनु पर्दछ। यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुलाई उपकरणहरु खरिद वापत रकम निकासा गरिएकोमा खरिद गरिएका माल सामानको विवरण पेश गरेको देखिएन। तोकिएको मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरी केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चित गरी खरिद गरिएका मालसामान खरिदका प्रमाण कागजात पेश हुनु पर्दछ।

| क स | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | नव जीवन मावी बलियापुर | ६५००००।०० |
| २ | बाल कल्याण मा वि | ६५००००।०० |
| ३ | सहिद स्मृति मा वि | ६५००००।०० |
| | जम्मा | १९५००००।०० |
| | प्रमाण पेश नगरेको | १९,५०,००० |

११२ **जटिल कार्य उपभोक्ता समिति मार्फत** - सार्वजनिक खरिद नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष उपभोक्ता समिति मार्फत काम गराउदा मेशीन उपकरण मार्फत गर्नु पर्ने र प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका काम समेत गराएको देखिन्छ। यसरी प्राविधिक दक्षता आवश्यक पर्ने काम उपभोक्ता समिति मार्फत गराउदा दिगो प्रभावकारी तथा उपयुक्त समेत हुदैन। उदाहरणका लागि सहकारी संस्था मार्फत जडान गरिएका वा विस्तार गरिएका विद्युत लाईनका सामाग्रीहरुको खरिद निर्माण व्यवसायीहरु मार्फत गरिएको छ। विद्युत प्रसारण लाईन जडान गर्ने जस्ता संवेदनशील कार्य गर्दा

विद्युत प्राधिकरणबाट गुणस्तर परीक्षण तथा सोको मूल्याङ्कन गरेको समेत देखिन नआएकोले सम्पादित कार्य उपयुक्त र खतरामुक्त रहेको भन्न सकिने अवस्था छैन। साथै निम्नानुसार विद्युत प्रशारण कार्यको गुणस्तर परिक्षण हुनुका साथै खतरामुक्त भएको सुनिश्चतता प्रमाणित हुनु पर्दछ।

| क स | उपभोक्ता समितिको नाम | कामको प्रकृति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नविकरणीय ग्रामिण विद्युत सहकारी संस्था | वडा न ५ मा विद्युत विस्तारको काम | ९०९१९४।०० | गुणस्तर परिक्षण नभएको। |
| २ | ग्रामिण विद्युत सहकारी संस्था | वडा न ७ मा विद्युत विस्तारको काम | ५००१८०।०० | गुणस्तर परिक्षण नभएको। |
| ३ | ग्रामिण विद्युत सहकारी संस्था | वडा न ५ मा विद्युत विस्तारको काम | ४८००००।०० | गुणस्तर परिक्षण नभएको। |
| ४ | वर पिपल ग्रामिण विद्युत सहकारी संस्था | वडा न ७ मा विद्युत विस्तारको काम | ५०६६७६।०० | गुणस्तर परिक्षण नभएको। |

११३ **अन्य संस्थाको खर्च**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा निश्चित लक्ष्य तथा मापदण्ड तोकी खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार रू ७५ लाख ८७ हजार ६०७ खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क स | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | नेपाल प्रेस युनियन शाखा कैलाली | २५०००।०० | कार्य क्षेत्र बाहिर |
| २ | थरुहट राष्ट्रिय मोर्चा जिल्ला संयोजन समिति | ३००००।०० | कार्य क्षेत्र बाहिर |
| ३ | चेतना समाज लम्की | २००००।०० | कार्य क्षेत्र बाहिर |
| ४ | राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान | १००००।०० | कार्य क्षेत्र बाहिर |

| | | | |
|---|---|---|---|
| ५ | त्रिवेणीधाम संरक्षण समाज | २००००।०० | कार्य क्षेत्र बाहिर |
| ६ | लम्किचुवा बहुमुखी क्याम्पस | २००००००।०० | कार्य क्षेत्र बाहिर |
| ७ | नेपाल जेसिस तथा काठमाडौ कैलाली जेसिस | १०१०००।०० | कार्य क्षेत्र बाहिर |
| ८ | सामुदायिक रेडियोको भवन निर्माण | ६१३५००।०० | |
| ९ | लम्किचुवा बहुमुखी क्याम्पसको भवन निर्माण | २६७००००।०० | |
| १० | महिला विकास सहकारी संस्थाको भवन निर्माण | ११८७४२४।० | |
| ११ | डौना वेवर महिला बचत तथा ऋण सहकारी संस्था | ९१०६८३।०० | |
| १२ | मालपोत कार्यालय टीकापुर कैलाली | ३४११६०।०० | |
| | जम्मा | ७९२८७६७।०० | |

११४ **डी पि आर निर्माण**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसार डिपिआर वापत यो वर्ष रू ८ लाख ८० हजार २७० खर्च भएको देखियो। कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्य वृद्दि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नु पर्दछ।

| आ व २०७८।७९ मा खरिद गरिएका परामर्श सेवाहरु | | | |
|---|---|---|---|
| | परामर्श सेवाको विवरण | परामर्शदाताकोनाम | कूल खर्चरकम |
| १ | कोल्डस्टोर्स डि पि आर | एस आर जे इन्जिनियरिङ कन्सल्टेन्सि | ८८०२७० |

११५ **भूमिहिनलाई जग्गा**- राष्ट्रिय भूमि आयोगको काम कर्तव्य र अधिकार अन्तर्गत भूमिहिन दलित सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणिकरण गरी भूमिहिन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउने र अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउने उद्देश्यले गठन भएको राष्ट्रिय भूमि आयोगले स्थानीय तह मार्फत भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान लगत संकलन र प्रमाणिकरण गर्ने उल्लेख छ। सोहि उद्देश्यले यस पालिका अन्तर्गत समेत विगत ३ वर्ष देखि ८ जना कर्मचारी कार्यरत रहेकोर सोको पारिश्रमिक वापत वार्षिक रू २०९४२४६।०० खर्च हुने देखियो। यस अवधिमा भएका कार्यहरुको विवरण निम्नानुसार छन।

| विवरण | संख्या |
|---|---|
| भूमिहिन दलितको लगत संकलन | १०९२ |
| भूमिहिन सुकुम्बासीको लगत संकलन | १४४४५ |
| अव्यवस्थित बसोबासको लगत संकलन | १७३८ |
| सार्वजनिक जग्गाको लगत संकलन | एकिन तथ्याङ्क प्राप्त नभएको । |
| पुर्जा वितरण | १३८ |
| नियन्त्रण विन्दु स्थापना | २०० |
| कर्मचारी संख्या र तलव खर्च | २०९४२४६ |

११६ **सफ्टवेयरको उपयोग** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्य समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा निश्चित लक्ष्य तथा मापदण्ड तोकी खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले गत वर्ष रु. १९९८९७।०० खरिद गरेको तलबी प्रतिवेदन सफ्टवेयर यो वर्षको अन्त्य सम्म प्रयोगमा आएको देखिएन। खरिद गरिएको सफ्टवेयर निर्धारित उद्देश्यको लागि प्रयोगमा ल्याउनु पर्दछ।

| सफ्टवेयरको नाम | विक्रेता वा दिने संस्थाको नाम | खरिद भएको भए खरिद रकम वा निशुल्क भए निशुल्क | हाल संचालनमा रहेको नरहेको वा हस्तान्तरण भएको | प्राप्त हुन आएको आ व |
|---|---|---|---|---|
| योजना व्यवस्थापन सुचना प्रणाली (PMIS) | कोर्डफ्यूजन | ४९५०००।०० | सन्चालनमा रहेको | २०७५।०७६ |
| तलवि सफ्टवेयर जडान | जियोसफ्ट टोक्नोलोजी | १९९८९७।०० | संचालनमा नरहेको | |
| राजश्व व्यवस्थापन सुचना प्रणाली | सबटेक इन्फोसिस प्रा लि | ६९४८९७।०० | सन्चालनमा रहेको | २०७३।०७४ |

११७ **सुरक्षित नागरिक आवास** - सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधि २०७५ को बुदा ५(७) र ५(८) मा क्रमस पहिलो किस्ता वापत ६० प्रतिशत र दोस्रो किस्ता बापत ४० प्रतिशत रकम उपलव्ध गराउनु

पर्ने व्यवस्था छ। सोही अनुसार यस पालिकाको लागि छनौट भएका लाभग्राही संख्या २७४ को लागि प्रति लाभग्राही पचास हजारका दरले अनुदान दिने व्यवस्था भएको देखिन्छ । लेखापरीक्षणको लागि पेश भएको विवरण अनुसार गत वर्ष सम्म निम्नानुसार २७४ जानाले दुबै किस्ता प्राप्त गरेको देखियो भने यो वर्ष २७४ जनाले दोस्रो किस्ता प्राप्त गरेको देखिन्छ। जस अनुसार यो वर्षको अन्त्यस सम्म २७४ जनाले दुबै किस्ता प्राप्त गरेका छन। सम्बन्धित व्यक्तिले सोही प्रयोजनको लागि उपयोग भए नभएको अनुगमन गर्नुपर्दछ।

| सम्झौता भएका लाभग्राही | पहिलो किस्ता वापत भुक्तानी हुने रकम | दोस्रो किस्ता वापत भुक्तानी हुने रकम | गत वर्ष सम्म वितरीत अनुदान | | यो वर्ष पहिलो किस्ता प्राप्त गर्ने लाभग्राही | यो वर्ष दोस्रो किस्ता प्राप्त गर्ने |
|---|---|---|---|---|---|---|
| | | | पहिलो किस्ता प्राप्त गर्ने लाभग्राही | दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राही | | |
| २७४ | ३०००० | २०००० | २७४ | ० | ० | २७४ |

११८ **छाडा चौपाया व्यवस्थापन** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा स्थानीय स्तरमा वातावरण संरक्षण गर्ने तथा पशु स्वास्थ्य व्यवस्थापनको भूमिका तोकिएको छ। पालिकाले आफ्नो क्षेत्रका सडकमा छाडिएका चौपायको संरक्षण तथा व्यवस्थापन गर्न एक समिति गठन गरिएको छ। उक्त समितिलाई सहयोग गर्न ३ जना हेरालोहरुहरुको ज्यालामा यो वर्ष रू ७७६८८०।०० खर्च भएको छ। लेखापरीक्षणको अवधिमा ४५० चौपाया बाकी रहेको देखियो। वर्षेनी चौपाया मर्दै जाने र मल दुध लगायतका चौपाय उपजहरुको समेत हिसाव किताव नराखिएको अवस्था देखीयो। चौपायको उपजलाई व्यवस्थित गरी सोबाट प्राप्त रकमबाट धान्न सकिने गरी चौपाया व्यवस्थापन गर्न पालिकाको ध्यान जानु पर्दछ।

११९ **कन्टिन्जेन्सी खर्चको उपयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाले यो वर्ष निम्नानुसार कन्टिन्जेन्सी वापतको विवरण अध्यावधि गरी राखेको देखिएन। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता ल्याउन र वैधानिकता प्रवर्द्दन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ।

१२० **लम्की सांगितिक महोत्सव** - सदूरपश्चिम प्रदेश आर्थिक ऐन २०७९ को अनुसूची ३ मा मेला महोत्सव सांस्कृतिक प्रदर्शन खेलकुद प्रतियोगितामा प्रति टिकटको ३ प्रतिशत मनोज्ञन कर असुल गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले लम्की सांस्कृतिक महोत्सवको व्यवस्थापनको लागि रू १५००००।०० भुक्तानी गरेको देखियो। मिति २०७९ भदौ ३० देखि असोज ९ सम्म १० दिन संचालित उक्त महोत्सवमा ५० हजार भन्दा बढिले अवलोकन गर्ने अनुमान गरिएको उक्त कार्यक्रमको प्रस्तावनबाट देखियो। महोत्सवमा प्रति साधारण टिकट रू १०० राखिएको देखियो। महोत्सवको खर्च तथा आम्दानीको विवरण पालिकालाई पेश गरेको देखिएन। जस्ले गर्दा पालिकालाई बुझाउनु पर्ने मनरोरञ्जन कर समेत प्राप्त हुन सकेको अवस्था छैन। अनुमान गरिएको भन्दा ५० प्रतिशतले घटि अबलोकनकर्ता भएको अवस्थामा समेत टिकट वापत मात्रै रू २५ लाख आम्दानी हुने र सोको ३ प्रतिशतले हुने रू ७५०००।०० मनोरन्जन कर प्राप्त हुने

देखिन्छ। तसर्थ यस सम्बन्धमा सम्बन्धित आयोजकबाट आवश्यक तथ्याङ्क प्राप्त गरी एकिन गरी ऐन अनुसार प्राप्त हुनु पर्ने कर रकम सम्बन्धित महोत्सव संचालकबाट असुल हुनु पर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,००० |

१२१ **ल्याव परीक्षणको फ्रिक्वेन्सी पालना नभएको** - Standard Specification of Road and Bridge works, २०७३ को बुदा नं ५१० को टेवुल न ५.२ मा सडक तथा पुल सम्बद्द निर्माण कार्यको न्यूनतम परीक्षण संख्या तोकिएको छ। यसै मापदण्डले निर्माण कार्यको भुक्तानी गर्दा फ्रिक्वीन्सी अनुसारको परीक्षण पुरा भएको हुनु पर्ने व्यवस्था उल्लेख छ। जस अनुसार निर्माण कार्यको परिमाणको आधारमा ल्याव तथा अन्य परीक्षण गरी गुणस्तर सुनिश्चित गरेर मात्र निर्माण कार्यको भुक्तानी गर्नुपर्ने हुन्छ। पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत संचालन गरिएका सडकमा ग्राभेल विछ्याउने तथा कम्प्याक्सनको गरिएका केही कार्यको नमुना परीक्षण गर्दा सडक विभागले तोकेको उल्लिखित मापदण्ड अनुसार परिक्षण देखिएन। जसले गर्दा गुणस्तर नियन्त्रण पालना नियमानुसार भएको छ भन्न सकिने अवस्था देखिएन। उल्लिखित मापदण्डमा तोकिए अनुसार निर्माण कार्यको परीक्षण गरी गुणस्तर सुनिश्चत हुनु पर्दछ।

१२२ **ल्याब ईक्कुप्मेन्ट र ल्याब सामाग्री खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नुपर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्नेव्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन। मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनु पर्दछ।

| क स | भौ न तथा मिति | मु अ कर भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको मु अ कर रकम |
|---|---|---|---|---|
| १ | ११३८/०८०/०२/०८ | आर.एस.डी. कन्सर्न | Digital compression Testing Machine, Core cutting Drilling Machine and Cube Mould लगायतका १६ वटा ल्याब सामाग्रीहरू | ११६९५५० |
| २ | २१६/०७९/०६/२५ | | सिसिटिभि जडान, आल्मुनियम पार्टेशन तथा ए.सि. जडान | ५४०२३२ |

१२३ **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औंल्याएको कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणले औंल्याएको निम्नानुसार बेरुजु अन्तिम लेखापरीक्षण अवधि सम्म पनि फस्यौंट नभएकोले पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याएको बेरुजु फस्यौंट गर्नुपर्दछ ।

१२३.१ क) NMB बैंक लि. को रु. ३२६९४८३४।०० पेश्की फस्यौंटमा रु. ३२३६८०६२।०० बैंकबाट लाभग्राहीको खातामा रकम जम्मा भएकोले बाँकी रु. ३२६७७२।०० को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ३२६७७२।००

ख) महालक्ष्मी विकासबैंक बैनियाको रु. ६६३२५८८।०० पेश्की फस्यौंटमा रु. ६६२३११०।०० को भरपाई पेश भएकोले बाँकी रु. ९४७८।०० को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ९४७८।००

ग) महालक्ष्मी विकासबैंक लि. लम्कीको रु. ९८५०६६२।०० पेश्की फस्यौंटमा रु. ९८१३८९४।०० बैंकबाट लाभग्राहीको खातामा रकम जम्मा भएकोले बाँकी रु. ३६७६८।०० को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ३६७६८।००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७३,०१८ |

१२३.२ क. के. एस शनिदेव जे भीलाई तेस्रो रनिङ विल भुक्तानीमा रु. ९३६९८५४.६६ भुक्तानी भएकोमा धरौटी रु. ४६८४९२।०० कट्टी गर्नुपर्नेमा रु. ३५४३८९।०० मात्र कट्टी गरेकोले बाँकी रु. ११४१०३।०० रकम असुल गरी धरौटी खातामा जम्मा गर्नुपर्ने रु. ११४१०३।००

ख. निर्माण व्यवसायी कोषमा ०.१ प्रतिशतले हुन आउने रकम रु. ९३७० कट्टी गर्नुपर्नेमा रु. ७०८७।०० मात्र कट्टी गरेकोले बाँकी रु. २२८३।०० असुल गरी कोषमा जम्मा गर्नुपर्ने रु.२२८३।००

ग. अग्रिम आयकर वापत १.५ प्रतिशतले हुन आउने रु. १४०५४८।०० कट्टी गर्नुपर्नेमा रु. १०६३०६।०० मात्र कट्टी गरेकोले बाँकी रु. ३४२४२।०० असुल गर्नुपर्ने रु. ३४२४२।००

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,६२८ |

१२४ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फस्यौंट हुनु पर्दछ । पालिकाले यो वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फस्यौंट नभएकोले नियमानुसार पेश्की फस्यौंट हुनु पर्दछ।

| क्र स | गो भौ न मिति | पेश्की प्राप्त गर्नेको नाम | पेश्की बाँकी | | | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|---|---|
| | | | गत आवको पेश्की अल्या | यस आवको पेश्की | जम्मा पेश्की | |
| १ | २९(२०७९/०५/२१) | रमण प्रसाद भण्डारी | ० | ९०००० | ९०००० | ९०००० |
| २ | २९(२०७९/०५/२१) | रमण प्रसाद भण्डारी | ० | ५०००० | ५०००० | ५०००० |
| ३ | १२६(२०७९/०६/०६) | रमण प्रसाद भण्डारी | ० | १००००० | १००००० | १००००० |
| ४ | १२४७(२०८०/०३/१३) | विरेन्द्र चौधरी | ० | ३००००० | ३००००० | ३००००० |
| ५ | ३(२०७९/०४/०१) | विकोई विल्डर्स-एम पी कन्स्ट्रक्सन जे भी | ५०००००० | ० | ५०००००० | ० |
| ६ | ५(२०७९/०४/०१) | आर डि. ईन्जिनीयरीङ्ग सोलुसन | ३२२२४२८ | ० | ३२२२४२८ | ० |
| ७ | ५(२०७९/०४/०१) | एच बि कन्स्ट्रक्सन | ५५९१७.४९ | ० | ५५९१७ | ० |
| ८ | ५(२०७९/०४/०१) | एच बि कन्स्ट्रक्सन | ३८२३८० | ० | ३८२३८० | ० |
| ९ | ५(२०७९/०४/०१) | के एस/शनिदेव जे भी | १६१२९८८४ | ० | १६१२९८८४ | ० |
| १० | ५(२०७९/०४/०१) | जे वि निर्माण सेवा | ७८५००० | ० | ७८५००० | ० |
| ११ | ५(२०७९/०४/०१) | तेडी निर्माण सेवा प्रा लि | १७०३२०० | ० | १७०३२०० | ० |
| १२ | ५(२०७९/०४/०१) | तेडी निर्माण सेवा | १९४०००० | ० | १९४०००० | ० |
| १३ | ५/२०७९।४।१ | तेडि निर्माण सेवा प्रा.लि | १२२३२०० | | १२२३२०० | ० |
| १४ | ५/२०७९।४।१ | तुलसि इन्जिनियरिङ्ग एण्ड कन्ष्ट्रक्सन प्रा.लि | २४६१००० | | २४६१००० | ० |
| १५ | ५/२०७९।४।१ | न्यौपाने निर्माण सेवा | २१५७५० | ० | २१५७५० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | ५/२०७९।४।१ | पियुस निर्माण सेवा | ९१०११२ | ० | ९१०११२ | ० |
| १७ | ५/२०७९।४।१ | बजरंग निर्माण सेवा | ७५९००० | ० | ७५९००० | ० |
| १८ | ५/२०७९।४।१ | बिष्ट कन्ष्ट्रक्सन | ६०३७८५ | ० | ६०३७८५ | ० |
| १९ | ५/२०७९।४।१ | बिष्ट कन्ष्ट्रक्सन | ६०३७८५ | ० | ६०३७८५ | ० |
| २० | ५/२०७९।४।१ | श्री गोरखनाथ कन्ष्ट्रक्सन एण्ड मर्चेन्डाइजर प्रा.लि | ६५२००० | ० | ६५२००० | ० |
| २१ | ५/२०७९।४।१ | सुलभ एण्ड सुस्मिता कन्ट्रक्सन | ३५७७००० | ० | ३५७७००० | ० |
| २२ | ५/२०७९।४।१ | सुशील कन्ष्ट्रक्सन | २३८०००० | ० | २३८०००० | ० |
| २३ | ३४/२०७९।४।१ | विकोइ विल्डर्स एम पि कन्ष्ट्रक्सन जे.भि | ६३७६९६१ | ० | ६३७६९६१ | ० |
| २४ | ३४०/२०७९।४।१ | एम के जे.भि | ३१८२००० | ० | ३१८२००० | ० |
| २५ | १/२०७९।४।१ | श्री लक्ष्मि आधारभुत विद्यालय | २५०००० | ० | २५०००० | ० |
| २६ | २/२०७९।४।१ | जनता माद्यामिक विद्यालय | २७००००० | ० | २७००००० | ० |
| २७ | २/२०७९।४।१ | मा वि | १८००००० | ० | १८००००० | ० |
| २८ | २/२०७९।४।१ | श्री जनता माद्यामिक विद्यालय लम्कीचुहा ४चौरिपुर | ९००००० | ० | ९००००० | ० |
| २९ | २/२०७९।४।१ | श्री दिपेन्द्र माद्यामिक विद्यालय | ६५००० | ० | ६५००० | ० |
| ३० | २/२०७९।४।१ | सरस्वति माद्यामिक विद्यालय | ३६०००० | ० | ३६००००० | ० |
| ३१ | ३/२०७९।४।१ | लम्किचुहा अस्पताल विकास समिति | २४७०००० | ० | २४७०००० | ० |
| ३२ | ५/२०७९।४।१ | बचैला डम्बरिया खानेपानि तथा सरसफाई उपभोक्ता समिति | ३१००००० | ० | ३१००००० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३३ | ५/२०७९।४।१ | मनमोहन स्मृति भवन पुर्वधार विस्तार समिति | ५००००० | ० | ५००००० | ० |
| ३४ | ५/२०७९।४।१ | रंग प्रशाद तिमिल्सैना | २८००००० | ० | २८००००० | ० |
| ३५ | ५/२०७९।४।१ | श्री जनसेवा माद्यामिक विद्यालय बघौरा गणेशपुर | १००००० | ० | १००००० | ० |
| ३६ | ५/२०७९।४।१ | शान्ति आयल स्टोर | २००००० | ० | २००००० | ० |
| ३७ | ७/२०७९।४।१ | श्री जनता माद्यामिक विद्यालय | २७००००० | ० | २७००००० | ० |
| ३८ | ७/२०७९।४।१ | राष्टिय नमुना माद्यामिक विद्यालय | २५०००० | ० | २५०००० | ० |
| ३९ | ७/२०७९।४।१ | राष्टिय नमुना माद्यामिक विद्यालय मोतिपुर | ३२५०००० | ० | ३२५०००० | ० |
| ४० | ७/२०७९।४।१ | श्री जनता माद्यामिक विद्यालय लम्कीचुहा ४चौरिपुर | ९००००० | ० | ९००००० | ० |
| ४१ | ७/२०७९।४।१ | श्री दिपेन्द्र माद्यामिक विद्यालय | ६५००० | ० | ६५००० | ० |
| ४२ | ३१/२०७९।४।१ | पिपरकोटी आधारभुत स्वास्थ केन्द्र | ३००००० | ० | ३००००० | ० |
| ४३ | ३१/२०७९।४।१ | भक्तजन समाज | १००००० | ० | १००००० | ० |
| ४४ | ३१/२०७९।४।१ | वातावरणिय संरक्षण समाज | २५००० | ० | २५००० | ० |
| ४५ | ३२/२०७९।४।१ | श्री लक्ष्मि आधारभुत विद्यालय | २५०००० | ० | २५०००० | ० |
| ४६ | ३३/२०७९।४।१ | पिपुल सामुदायिक अस्पताल | ८००००० | ० | ८००००० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | ३३/२०७९।४।१ | लम्किचुहा अस्पताल विकास समिति | २०००००० | ० | २०००००० | ० |
| ४८ | ३४/२०७९।४।१ | श्री राष्टिय नमुना माद्यामिक विद्यालय मोतिपुर | ३०००००० | ० | ३०००००० | ० |
| ४९ | ३४/२०७९।४।१ | लम्किचुहा अस्पताल विकास समिति | २४७०००० | ० | २४७०००० | ० |
| ५० | २५२(२०८०।३।१९) | मावि | १८००००० | ० | १८००००० | ० |
| ५१ | १/२०७९।४।१ | श्री कालिका प्राथमिक विद्यालयको वाल निर्माण तथा मर्मत सम्भार उ.स | ४००००० | ० | ४००००० | ० |
| ५२ | १/२०७९।४।१ | श्री दुर्गा आ वि निर्माण उ स | १९०००० | ० | १९०००० | ० |
| ५३ | १/२०७९।४।१ | शिव मन्दिर निर्माण उ स | १२५००० | ० | १२५००० | ० |
| ५४ | २/२०७९।४।१ | कैलासधाम तिर्थस्थल पर्यटन पुर्वाधार विकास उपभोक्ता समिति | १७५००० | ० | १७५००० | ० |
| ५५ | २/२०७९।४।१ | कालिका मष्टा मन्दिर निर्माण उ स | ६५४०० | ० | ६५४०० | ० |
| ५६ | २/२०७९।४।१ | खमरिया गाँउको सामुदायिक भवन घेरावार शौचालय तथा नल्कका निर्माण योजना | १००००० | ० | १००००० | ० |
| ५७ | २/२०७९।४।१ | त्रिनेत्रेश्वर धार्मिक संस्थाको भौतिक संरचना निर्माण उ स | २९७७५० | ० | २९७७५० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५८ | २/२०७९।४।१ | श्री दुर्गा आधारभुत विद्यालय मर्मत कार्य उ स | १०४००० | ० | १०४००० | ० |
| ५९ | २/२०७९।४।१ | संयुक्त दलित अभियान कृर्षि सहकारि संस्था लि घेरा पर्खाल उ स | ७०००० | ० | ७०००० | ० |
| ६० | ७/२०७९।४।१ | कैलासधाम तिर्थस्थल पर्यटन पुर्वाधार विकास उपभोक्ता समिति | १७५००० | ० | १७५००० | ० |
| ६१ | ७/२०७९।४।१ | कैलासधाम तिर्थस्थल पर्यटन पुर्वाधार विकास उपभोक्ता समिति | १७५००० | ० | १७५००० | ० |
| ६२ | ७/२०७९।४।१ | श्री कालिका प्राथमिक विद्यालयको वाल निर्माण तथा मर्मत सम्भार उ.स | २८५००० | ० | २८५००० | ० |
| ६३ | ७/२०७९।४।१ | खमरिया गाँउको सार्मवजनिक भवन घेरावार शौचालय तथा नल्का निर्माण योजना | १००००० | ० | १००००० | ० |
| ६४ | ७/२०७९।४।१ | त्रिनेत्रेश्वर धार्मिक संस्थाको भौतिक संरचना निर्माण उ स | ३७५००० | ० | ३७५००० | ० |
| ६५ | ७/२०७९।४।१ | त्रिनेत्रेश्वर धार्मिक संस्थाको भौतिक संरचना निर्माण उ स | ९७७५० | ० | ९७७५० | ० |
| ६६ | ७/२०७९।४।१ | थपालिपुर Aटोल कुइकाली फनिचर उधोग नजिक नाला निर्माण | ५३००० | ० | ५३००० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६७ | ७/२०७९।४।१ | पथलिया धनचैरा झुलुङ्गे पुल | ८०५१९६ | ० | ८०५१९६ | ० |
| ६८ | ७/२०७९।४।१ | वडा कार्यलयको पुर्व मोहनलाल पार्क नजिक जिर्ण रहेको कल्भट निर्माण | ५४००० | ० | ५४००० | ० |
| ६९ | ७/२०७९।४।१ | श्री मष्टाबण्डालि कुलदेवता मन्दिर निर्माण उ स | ४४००० | ० | ४४००० | ० |
| ७० | ७/२०७९।४।१ | श्री सम्भु सुनन्दा आ वि घेरावार तथा मर्मत निर्माण उ स | २२७००० | ० | २२७००० | ० |
| ७१ | ७/२०७९।४।१ | शहरि बिकास कार्यक्रम अन्तर्गत जनसेवा मा वि को भवन मर्मत उपभोक्ता समिति | १३१००० | ० | १३१००० | ० |
| ७२ | ३२/२०७९।४।१ | श्री कालिका प्राथमिक विद्यालयको वाल निर्माण तथा मर्मत सम्भार उ.स | ४००००० | ० | ४००००० | ० |
| ७३ | ३२/२०७९।४।१ | श्री जनसेवा मा वि को भवन मर्मत उपभोक्ता समिति | २२०८०० | ० | २२०८०० | ० |
| ७४ | ३२/२०७९।४।१ | श्री दुर्गा आ वि निर्माण उ स | १९०००० | ० | १९०००० | ० |
| ७५ | ३२/२०७९।४।१ | सम्भु सुनन्दा आ वि घेरावार तथा मर्मत निर्माण उ स | ४३८००० | ० | ४३८००० | ० |
| ७६ | ९६/२०७९।७।२८ | कैलासधाम तिर्थस्थल पर्यटन पुर्वाधार विकास उपभोक्ता समिति | | २००००० | २००००० | २००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७७ | ११९/२०७९।११।१० | शिवशक्ति श्री विद्यापिठ गुरुकुल आश्रमको भवन निर्माण उ स | ८४०००० | | ८४०००० | ० |
| ७८ | १७५/२०८०।१।२६ | लम्कि बसपार्क सृजना टोल नाला निर्माण उपभोक्ता समिति | ० | ५८५००० | ५८५००० | ५८५००० |
| ७९ | १/२०७९।४।१ | प्रेम प्रशाद धमाला | २००००० | ० | २००००० | ० |
| ८० | ५/२०७९।४।१ | छविलाल जैशी | ५०००० | ० | ५०००० | ० |
| ८१ | ५/२०७९।४।१ | राजाराम भाट | २२०००० | ० | २२०००० | ० |
| ८२ | ३१/२०७९।४।१ | पुरन वि क | ५०००० | ० | ५०००० | ० |
| ८३ | ३१/२०७९।४।१ | भिम बहादुर भुल | ३६५०० | ० | ३६५०० | ० |
| ८४ | ३१/२०७९।४।१ | रमण प्रशाद भण्डारी | २००००० | ० | २००००० | ० |
| ८५ | ४०२/२०७९।८।२९ | विरेन्द्र चौधी खरिदार | ० | ३५०००० | ३५०००० | ३५०००० |
| ८६ | ८३६/२०७९।१२।३ | विरेन्द्र चौधरि खरिदार | ० | ३५०००० | ३५०००० | ३५०००० |
| ८७ | ११९२/२०८०।२।२१ | प्रेम प्रशाद धमाला | २००००० | | २००००० | ० |
| ८८ | १३०७/२०८०।३।१७ | खेम राज खनाल | ० | ५०००० | ५०००० | ५०००० |
| ८९ | | के एस/शनिदेव जेभी | २६०००००० | ० | २६०००००० | ० |
| जम्मा | | | ९०६१२७९८ | २०७५००० | ९५९२७७९८ | २०७५००० |
| | | | | पेश्की | २०,७५,००० | |

१२५ **घरभाडा बढि भुक्तानी** - आर्थिक कार्यविधि तथा नियमावली, २०७७ को नियम ३९ को उपनियम (४) सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न राख्नुपर्ने व्यवस्था छ। पालिकाले घरभाडा भुक्तानी गर्दा घरभाडा सम्झौता अनुसार घरभाडा, विजुली र खानेपानी सहित वार्षिक रु.३५९४९८।०० भुक्तानी हुनुपर्ने रु. ४१६४४७।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम घरधनी श्री भागिरथी शाहबाट असुल हुनुपर्ने रू. ५६९४९।००

| घरधनीको नाम | भुक्तानी | | फरक परेको रकम | कैफियत |
|---|---|---|---|---|
| | हुनुपर्ने | भएको | | |
| भागिरथी शाह | ३५९४९८ | ४१६४४७ | ५६९४९ | |

| असुल गर्नुपर्ने | ५६,९४९ |
|---|---|

१२६ **अधुरो दुर्गौली सामुदायिक भवन र घेरा पर्खाल निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँजबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष अधुरो दुर्गौली सामुदायिक भवन र घेरा पर्खाल निर्माण कार्य कार्य वापत रु. १९२४४।०० भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन। अतः उक्त निर्माण कार्यको नापि किताब सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | १,९२,४४४ |
|---|---|

१२७ **करकट्टी** - आयकर ऐन, २०५८ को दफा ८८(१) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको कुनै प्रतिफल भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कट्टि गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष कार्यपालिका बैठक वापत निम्नानुसार व्यक्तिहरुलाई बैठक भत्ता भुक्तानी गर्दा नियमानुसार १५ प्रतिशत करकट्टि नगरी बैठक भत्ता भुक्तानी गरेको छ। अतः कर रकम सम्बन्धित पदाधिकारीबाट असुल हुनुपर्दछ।

| क्र.सं. | पदाधिकारीको नाम | रकम |
|---|---|---|
| १. | उजिर सिहं सुनार | ३६०० |
| २. | उमेश डगौरा थारी | ३६०० |
| ३. | उमाकान्त देवकोटा | ३६०० |
| ४. | कोकिला चलाउने | ३६०० |
| ५. | कोकिला देवी दमाई | ३६०० |
| ६. | कौशी दमाई | ३६०० |
| ७. | खडक राज भाट | ३६०० |
| ८. | गीता देवी थापा | ३६०० |
| ९. | जुना चौधरी | ३६०० |

| | | |
|---|---|---|
| १०. | ज्योती देवी वि.क | ३६०० |
| ११. | जसुता सुनार | ३६०० |
| १२. | झपट सिंह वि.क | ३६०० |
| १३. | डाक्टर डगौरा थारु | ३६०० |
| १४. | तारा प्रसाद अधिकारी | ३६०० |
| १५. | दुर्गा देवी उखेडा | ३६०० |
| १६. | दुर्गा देवी जोशी | ३६०० |
| १७. | दुर्गा प्रसाद डाँगी | ३६०० |
| १८. | दिपा देवी रावत | ३६०० |
| १९. | दिपा भुल | ३६०० |
| २०. | दिपा सुनार | ३६०० |
| २१. | दिल राज गौतम | ३६०० |
| २२. | नेत्र प्रसाद खनाल | ३६०० |
| २३. | पदम परियार | ३६०० |
| २४. | प्यारेलाल चौधरी | ३६०० |
| २५. | प्रेम बहादुर चौधरी | ३६०० |
| २६. | बुध राम चौधरी | ३६०० |
| २७. | भक्त बहादुर बुढामगर | ३६०० |
| २८. | भगवान दिन चौधरी | ३६०० |
| २९. | भन सिं भण्डारी | ३६०० |
| ३०. | माया विष्ट | ३६०० |
| ३१. | मिन बहादुर धामी | ३६०० |
| ३२. | मिना कुमारी चौधरी | ३६०० |
| ३३. | रेखा चौधरी | ३६०० |

| | | |
|---|---|---|
| ३४. | रन्जिता नेपाली | ३६०० |
| ३५. | राजा राम चौधरी | ३६०० |
| ३६. | राधा देवी थापा | ३६०० |
| ३७. | राम प्रसाद चौधरी | ३६०० |
| ३८. | राम बहादुर चलाउने | ३६०० |
| ३९. | लक्ष्मी चौधरी | ३६०० |
| ४०. | लक्षी थापा | ३६०० |
| ४१. | लब बहादुर शाही | ३६०० |
| ४२. | लोकेन्द्र कठायत | ३६०० |
| ४३. | शिद्द राज तिमिल्सेना | ३६०० |
| ४४. | सेतु कुमारी कामी | ३६०० |
| ४५. | संतोष कुमार ओली | ३६०० |
| ४६. | सुमित्रा कुमारी चौधरी | ३६०० |
| ४७. | समीक्षा वड | ३६०० |
| ४८. | सुरेन्द्र बोहरा | ३६०० |
| ४९. | अर्जुन बहादुर रावल | ३६०० |
| ५०. | सिता देवी वि.क | ३६०० |
| ५१. | हर्क बहादुर कठरिया थारु | ३६०० |
| ५२. | हरी प्रसाद चौधरी | ३६०० |
| ५३. | हिरा कुमारी खनाल | ३६०० |
| ५४. | अर्जुन बहादुर रावल | ३६०० |
| जम्मा | | १९४४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९४,४०० |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

**कार्यालय र स्थान : लम्किचुहा नगरपालिका, कैलाली।**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पित्री भक्त गिरी | २०७९।४।१ | २०७९।०६।१९ |
| कार्यालय प्रमुख | शेर बहादुर बुढा | २०७९।६।२० | २०८०।६।२३ |
| लेखा प्रमुख | झनक प्रसाद न्यौपाने | २०७९-९-१६ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २०,४९६,४३५.८७ | ७,०४०,८६७ | १०,३९८,२११ | ० | ० | २,०७५,००० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ४०,०१०,५१३.८७ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी सम्परीक्षण भएको रकम रु. | | | | | ० |
| सम्परीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ४०,०१०,५१३.८७ |

**स्थानीय तह : लम्किचुहा नगरपालिका, कैलाली ।**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १७१५८४४८०.५१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७५४८२५१६२ | **चालु खर्च** | ६१४३८४८४८.३५ |
| **प्रदेश सरकारबाट अनुदान** | १७५८५९९६ | **पूँजीगत खर्च** | ३३०५५२२५४.२४ |
| **राजश्व बाँडफाँट** | १६४००६०५५.५२ | **वित्तीय/अन्य व्यवस्था** | ३८०२१४२५३.७६ |
| **आन्तरिक आय** | ०.० | | |
| **अन्य आय** | ३४५९३४४७३.५३ | | |
| **कुल आय** | १२८२३५१६८७.०५ | **कुल खर्च** | १३२५१५१३५६.३५ |
| **बाँकी मौज्दात** | | १२८७८४८११.२१ | |